# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २३२ | काठमाडौं | बुधबार, ०३ पुस २०८१ | Prabhab National Daily | Wednesday, December 18, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं**

- आगो वा हिटर नजिकबाट नतापौं.
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने ब्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेर मात्र सुतौं,
- आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- बाथरूममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरूममा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# संक्रमणकालीन न्यायमा थप अन्योल






**ओमप्रकाश मिश्र**
संयोजक, सिफारिस समिति

■ **जेबी योञ्जन**

- सिफारिस समितिले छनोट गर्न सकेन टिआरसीसम्बन्धी आयोगमा पदाधिकारी
- 'सर्ट लिस्ट'मा परेका नाममा सर्वसम्मत निर्णय हुन नसकेपछि पदाधिकारी सिफारिस गर्नबाट चुक्यो, अब सरकारले नै आयोग गठन गर्ने

**काठमाडौं–** विस्तृत शान्ति सम्झौता भएको झण्डै दुई दशक हुँदा शान्ति प्रक्रियाका बाँकी कार्यभार पूरा हुने अपेक्षा द्वन्द्वपीडितहरूको थियो । कारण, बल्लतल्ल संसद्बाट संक्रमणकालीन न्यायसम्बन्धी विधेयक पारित भएर कानुनको रूप लियो ।

तर, यतिबेला भने द्वन्द्वपीडितहरू बेखुस छन् । किनभने सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पदाधिकारी सिफारिस गर्न गठित 'सर्च कमिटी' (सिफारिस समिति) लाई दिएको समयअवधि विनाउपलब्धि गुज्रिएको छ । पदाधिकारी सिफारिस गर्न गठित पूर्वप्रधानन्याधीश ओमप्रकाश मिश्र नेतृत्वको 'सर्च कमिटी'ले कार्यादेशअनुसार पदाधिकारी सिफारिस गर्न सकेन । मिश्र नेतृत्वको कमिटी सर्वसम्मति जुटाएर पदाधिकारी सिफारिस गर्न असफल भयो । समितिलाई पुस १ गतेसम्मको कार्यादेश दिइएको थियो ।

उक्त समितिले गत मंसिर २१ गते आवेदन दिएका १५६ मध्ये अध्यक्षमा आठ र सदस्यमा ३२ जनाको नाम 'सर्ट लिस्ट' गरेको थियो । अध्यक्षमा डिल्लीराज आचार्य, अच्युतप्रसाद भण्डारी, विजय सिजापति, विश्वराज कोइराला, सुदीप पाठक, महेश थापा, शेरबहादुर केसी र काशीराज दाहालको नाम रहेको छ ।

गम्भीर मानवअधिकार उल्लंघनका पीडितहरूको संगठनका महासचिव भागिराम चौधरीले सर्च कमिटीले सहमति जुटाएर पदाधिकारी सिफारिस गर्न नसक्नु अत्यन्तै दुःखद् भएको प्रतिक्रिया दिए । टिआरसीसम्बन्धी दुवै आयोगमा पदाधिकारी सिफारिस गर्नेगरी जुन कमिटी बनेको थियो, त्यसले अवधिमात्रै गुजार्‍यो, पदाधिकारी सिफारिस गर्न सकेन, जुन अपेक्षित थिएन,' उनले प्रभावसँग भने ।

कमिटीले पदाधिकारी सिफारिस गर्न असफल भएसँगै अब सरकारले बिहीबार (४ पुसमा) बस्ने मन्त्रिपरिषद् बैठकबाट आयोग गठन गर्ने भएको छ । सरकारले कमिटीलाई दिएको सिफारिस अवधि सोमबारसम्म मात्रै हो । उसो त सोमबारसम्ममा नै सर्च कमिटीको बैठकले दुवै आयोगमा पदाधिकारीको नाम टुंगो लगाउने धेरैको अनुमान थियो । त्यसविपरीत कमिटीले नयाँ प्रक्रियाका लागि बाटो खुला गर्ने निर्णय लिएको कमिटीका प्रवक्ता तथा पूर्वमहान्यायाधिवक्ता खम्बबहादुर खातीले बताए ।

जबकि, यसअघि यसरी कानुन संशोधन गरी संक्रमणकालीन न्यायिक प्रक्रियासँग जोडिएको मुद्दालाई टुंग्याउन सर्च कमिटी गठन भएको थिएन । मिश्र नेतृत्वको समिति पहिलोपटक बनेको हो । तर, कमिटीले पदाधिकारी सिफारिस गर्ने अवसर गुमायो ।

सोमबार साँझ कमिटीले जारी गरेको विज्ञप्तिअनुसार पदाधिकारी छनोटमा एक मत भएन, विवाद भयो । कमिटी सदस्यहरूबीच अल्पमत र बहुमतको कुरा उठ्यो । अन्ततः अल्पमत र बहुमतका आधारमा पदाधिकारी छनोट नगर्ने समिति सदस्यहरूबीच सहमति भएको खाती बताउँछन् ।

क्रमशः पृष्ठ २ मा

# खराब कर्जाले थलिएर धराशायी बन्दै निर्धन उत्थान लघुवित्त



केही आन्तरिक तथा केही बाह्य कारणले गर्दा कम्पनीमा निस्क्रिय कर्जा बढेको हो । यसैलाई आधार मानेर कम्पनी कमजोर भयो भन्नु, तर्कसंगत हुँदैन ।

**नारायणबहादुर कार्की**
सहायक महाप्रबन्धक एवं कर्जा प्रमुख




- दुई अर्ब ३९ करोड २० लाख ७० हजार रूपैयाँ बराबर खराब कर्जा
- गत वर्षको यो त्रैमासमा ३८ करोड ८० लाख रूपैयाँ 'इम्पेरिमेन्ट चार्ज' तिर्नु परेको थियो । बैंकले ऋणीलाई दिएको ऋण नउठेपछि त्यसबापत उनीहरूले आफ्नो कोषमा जम्मा गर्नुपर्ने रकम हो इम्पेरिमेन्ट चार्ज

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** केही वर्षयता खराब कर्जाले थलिएको निर्धन उत्थान लघुवित्तमा निस्क्रिय कर्जा बढ्न थालेको छ । चालु आर्थिक वर्षको पहिलो त्रैमाससम्मको अपरिस्कृत वित्तीय विवरणअनुसार यस संस्थाको खराब कर्जा १० प्रतिशतभन्दा बढी पुगिसकेको छ ।

यो बीचमा कम्पनीले २० अर्ब ३७ करोड ३५ लाख ७७ हजार रूपैयाँ मात्र निक्षेप संकलन गरेको देखिन्छ । जबकि कर्जा भने २३ अर्ब ५४ करोड ३९ लाख ९७ हजार रूपैयाँ लगानी गरेको तथ्यांक छ । यो भनेको दुई अर्ब ३९ करोड २० लाख ७० हजार रूपैयाँ बराबरको खराब अर्थात् निस्क्रिय कर्जा हो ।

यही अवधिमा गत आवमा कम्पनीको खराब कर्जा दुई अर्ब ९५ करोड ६० लाख ५० हजार रूपैयाँ बराबर थियो । अपरिस्कृत वित्तीय विवरणअनुसार संस्थाले २० अर्ब १८ करोड ४६ लाख १३ हजार रूपैयाँ निक्षेप संकलन गरी २३ अर्ब ९३ करोड ५६ लाख ३२ हजार रूपैयाँ कर्जा प्रवाह गर्दा १२.३५ प्रतिशत कर्जा खराब देखिएको थियो ।

जसकारण गत वर्ष यो कम्पनीलाई १४ करोड ३० लाख रूपैयाँ नोक्सानी पुगेको थियो । निस्क्रिय कर्जामा आएको भारी वृद्धिका कारण खुद ब्याज आम्दानीमा कमी आउँदा र इम्पेरिमेन्ट चार्ज बढ्दा कम्पनी नोक्सानीमा गएको तथ्यांकले देखाउँछ । अघिल्लो वर्ष यस्तो कर्जाको अवस्था ७.१४ प्रतिशतमात्र थियो । समयमै कर्जा नउठ्दा कम्पनीले सोबापत गर्नुपर्ने प्रोभिजन रकम (एम्पेरिमेन्ट चार्ज) बढी तिर्नुपर्छ । गत वर्षको यही त्रैमासमा यस संस्थाले ३८ करोड ८० लाख रूपैयाँ इम्पेरिमेन्ट चार्ज तिर्नु परेको थियो भने अघिल्लो वर्षको यो अवधिमा २६ करोड ९२ लाख इम्पेरिमेन्ट चार्ज तिरेको थियो । बैंकले ऋणीलाई दिएको ऋण नउठेपछि त्यसबापत उनीहरूले आफ्नो कोषमा जम्मा गर्नुपर्ने रकम हो, इम्पेरिमेन्ट चार्ज ।

हाल चुक्ता पुँजी दुई अर्ब ६१ करोड २० लाख ७९ हजार रूपैयाँ रहेको कम्पनीको अधिकृत पुँजी तीन अर्ब ५० करोड रूपैयाँ रहेको छ । चार लाखको हाराहारीमा ग्राहक रहेको कम्पनीमा हाल कर्जावाला ग्राहक संख्या एक लाख ८२ हजार ६१४ रहेको छ ।

विगत केही वर्षअघिसम्म निकै नै राम्रो मानिएको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था पछिल्लो समय भने खराब कर्जा व्यवस्थापन गर्न नसक्दा धराशायी बन्दै गएको छ । निक्षेप तथा कर्जा दुवै संकुचित हुनु, नियमितरूपमा कर्जाको सावाँ ब्याज असुली गर्न नसक्नु, खराब कर्जा निरन्तर बढ्नुले पनि कम्पनी धराशायी बन्दै गएको हो । देशभर १८५ शाखा रहेको कम्पनीमा हाल एक हजार १११ जना कर्मचारी कार्यरत रहेका छन् । यो अवस्थामा संस्थाले कार्यालय सञ्चालन तथा कर्मचारी व्यवस्थापन शीर्षकमा मात्र वार्षिकरूपमा एक अर्ब रूपैयाँको हाराहारीमा खर्च गर्ने गरेको छ । आर्थिक वर्ष २०७९/८० को वार्षिक वित्तीय विवरणलाई आधार मान्दा संस्थाले उक्त आर्थिक वर्षमा कर्मचारीको तलब, भत्तालगायतका विभिन्न शीर्षकमा ८४ करोड ७८ लाख ७९ हजार रूपैयाँ र कार्यालय सञ्चालन शीर्षकमा सात करोड ३९ लाख १८ हजार रूपैयाँसमेत गरी कूल ९२ करोड १७ लाख ९७ हजार रूपैयाँ खर्च गरेको देखिएको छ । निक्षेप तथा कर्जा प्रवाह दुवैमा संकुचन आउँदा आम्दानी सीमित हुनु र खर्चको दायित्व बढ्नुले पनि कम्पनी पछिल्लो समय कमजोर बन्दै गएको हो ।

तर कम्पनीका सहायक महाप्रबन्धक एवं कर्जा प्रमुख नारायणबहादुर कार्की भने संस्थालाई कमजोर मान्न तयार छैनन् । 'केही आन्तरिक तथा केही बाह्य कारणले गर्दा कम्पनीमा निस्क्रिय कर्जा बढेको हो, तर यसलाई आधार मानेर कम्पनी कमजोर भयो भन्नु, तर्कसंगत हुँदैन,' कार्की भन्छन् । मेडिकल व्यवसायी दुर्गा प्रसाईंको आन्दोलनका कारण पनि लघुवित्तमा समस्या देखिएको उनको तर्क छ । 'विगतमा लघुवित्तपीडितको नाउँमा दुर्गा प्रसाईले जुन आन्दोलन गरे, त्यसले सबै लघुवित्त कम्पनीहरूमा केही समस्या देखियो, नागरिकहरूले पनि लघुवित्तहरूबा लिएको ऋण तिर्नै पर्दैन जस्तो गरे, यसकै असर अहिले लघुवित्त क्षेत्रमा देखिएको हो,' कार्कीले भने ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# वैदेशिक रोजगारीमा गएका श्रमिकको योगदान कोषमा सुनिश्चित गर्न माग

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा वैदेशिक रोजगारीमा गएका श्रमिकको योगदान सुनिश्चित गर्न श्रमिक संघसंगठनले माग गरेका छन् । नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)ले योगदानमा आधारित रकम नियमित नहुँदा श्रमिक समस्यामा परेका बेला सामाजिक सुरक्षा कोषको सुविधाबाट वञ्चित भएकाले त्यस्तो माग गरेका हुन् ।

अन्तर्राष्ट्रिय प्रवासी श्रमिक दिवसको पूर्वसन्ध्यामा मंगलबार जिफन्टले पत्रकार सम्मेलनमा आयोजना गरी वैदेशिक रोजगारमा जाने श्रमिकसम्बन्धी तथ्यांकसमेत सार्वजनिक गरेको छ । सो अवसरमा जिफन्टका अध्यक्ष विनोद श्रेष्ठले वैदेशिक रोजगारमा जाने श्रमिक/योगदानकर्तामाझ सचेतनाका कार्यक्रम सञ्चालन गर्न, प्रविधिको प्रयोग गरी रकम पठाउन, भरपर्दो र सहज बनाउन तथा नियमित योगदानलाई प्रोत्साहन गर्नका लागि प्याकेजको व्यवस्था गर्न सरकारसँग माग गरे । 'श्रमिकको योगदान नियमित नहुनाले कोषको स्किमअनुसार श्रमिक स्वयं र परिवारजनले पाउने सुविधाबाट वञ्चित हुनुपरेको छ,' उनले भने ।

'सामाजिक सुरक्षा नियमित योगदान, श्रमिकको अधिकार संरक्षण' भन्ने नारासहित बुधबार विभिन्न कार्यक्रम गरी मनाइँदै छ । आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने सात लाख ४१ हजार २९७ जना र नयाँ श्रम स्वीकृति लिने चार लाख ६० हजार १०२ जना रहेका छन् ।

सरकारले वैदेशिक रोजगार तथा विदेशमा स्वरोजगारमा रहेका श्रमिकका लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि २०७९ मंसिर २८ गते जारी गरेर सामाजिक सुरक्षा कोषमा सूचीकरण अनिवार्य गरेको छ । कोषमा सूचीकरण अनिवार्य गरेपछि २०८१ साल मंसिर २८ गतेसम्म १३ लाख एक हजार ७८ जना श्रमिक सामाजिक सुरक्षा कोषमा सूचीकरण गरिएका छन् । उनीहरूले तीन अर्ब २२ करोड ७४ लाख चार हजार रूपैयाँ योगदान गरेका छन् ।

## युरोपेली मुलुकमा जाने क्रम बढ्दो

जिफन्टले सार्वजनिक गरेको तथ्यांकमा नेपाली श्रमिक युरोपेली मुलुकहरूमा रोजगारीका लागि जाने क्रम बढेको देखिएको छ । नेपाली श्रमिक गएको युरोपको तेस्रो र चौथो गन्तव्य मुलुक साइप्रस र माल्टा छन् । आर्थिक वर्ष २०७९/८० मा रोमानियामा जाने नेपालीको संख्या १४ हजार २५० जना थियो । चालु आर्थिक वर्षमा १५ हजार ३६४ जना कामका लागि क्रोएसिया गएको तथ्यांक छ ।

वैदेशिक रोजगारीमा जाने दक्ष श्रमिकको संख्या बढेकोसमेत जिफन्टको प्रतिवेदनमा उल्लेख छ । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार चालु आव २०८०/८१ मा श्रम स्वीकृति लिएका अदक्ष श्रमिक संख्या एक लाख ४५ हजार ५४७ जना रहेको छ । जबकि, दक्ष श्रमिकको संख्या पाँच लाख ७९ हजार ३७३ रहेको छ ।

जिफन्टका अध्यक्ष श्रेष्ठले युरोपका मुलुकहरूमा रोजगारीमा पठाउने नाममा हुने ठगीका घटनाप्रति सरोकारवाला निकाय गम्भीर बन्नुपर्नेमा जोड दिए । उनले म्यानपावर कम्पनी तथा अनधिकृत व्यक्तिले रकम असुल्ने, गन्तव्यमा पुर्‍याएर अलपत्र पार्ने गरेका घटना बढ्दो रहेकोतर्फ ध्यानाकर्षण गराए । 'आकर्षक रोजगारीमा पठाउने नाममा भइरहेको आर्थिक ठगी र मानव तस्करीका घटना रोक्न तथा त्यस्ता कार्यमा संलग्न संस्था वा व्यक्तिलाई कारबाही गर्न कानुनमा परिवर्तन गर्नुपर्छ,' अध्यक्ष श्रेष्ठले भने ।


जनहितमा जारी सन्देश

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने

कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं

आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं

गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# सहकारीको ऋण नतिर्नेको सम्पत्ति रोक्का गरिने

**काठमाडौं (प्रस)–** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सहकारीको ऋण नतिर्नेको एकाघरका सदस्यको सम्पत्ति र राहदानी रोक्का गरी असुल गर्नुपर्ने बताएका छन् ।

राष्ट्रिय सहकारी महासंघ लिमिटेडले मंगलबार यहाँ आयोजना गरेको सहकारी सुशासन प्रवर्द्धनसम्बन्धी बागमती प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रममा उनले सहकारीमा भएको पुँजीबाट त्यहाँ आएको समस्या समाधान गरिनुपर्ने बताए । सरकारले घोषणा गरेका २२ वटा सहकारीमध्ये केहीको जग्गा बेचेर पनि समस्या समाधान गर्नेतिर समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय लागिपरेको मन्त्री अधिकारीले बताए ।

उनले सात प्रदेशमा समूह बनाएर मन्त्रालयमार्फत समस्याग्रस्त सहकारीको अध्ययन भइरहेको जानकारी दिए । 'समितिबाट प्रतिवेदन प्राप्त भएपछि समस्या समाधानको विधि बनाइने छ । सहकारी ऐन, २०७४ मा भएको सहकारी प्रवर्द्धन कोष, कर्जा सूचना केन्द्र र न्यायाधीकरण पनि छिटो गठन गरी समस्या समाधानमा काम गर्न सरकार प्रतिबद्ध छ,' मन्त्री अधिकारीले भने ।

प्रधानमन्त्रीका आर्थिक विकास सल्लाहकार डा. युवराज खतिवडाले सुशासनको अभावमा सहकारी समस्याग्रस्त हुने गरेको बताए । सबै सहकारीमा समस्या नभए पनि सबै समस्यामा छन् भनेर हल्ला फैलाइएको उल्लेख गर्दै छिटो समाधान गरिनुपर्नेमा जोड दिए । महासंघका अध्यक्ष ओमदेवी मल्लले सहकारीमा देखिएका समस्या र समाधानका उपायबारे छलफलका लागि कार्यक्रम आयोजना गरिएको गरिएको बताए । उनले सातै प्रदेशमा यस्तै कार्यक्रम आयोजना गरी प्राप्त सुझाव समेटेर सरकारलाई संयुक्त सुझाव दिइने बताए ।

# बुद्धजन्मस्थल लुम्बिनीमा १० दिने शाक्यमोन्लम पूजा सकियो

**लुम्बिनी (प्रस)–** बुद्धजन्मस्थल लुम्बिनीमा सञ्चालित ३३औं शाक्यमोन्लम पूजा सम्पन्न भएको छ । विश्वशान्ति र प्राणी कल्याणको कामना गर्दै करिब सात हजार लामा, भिक्षु भिक्षुणी, रिन्पोछे तथा बुद्धका अनुयायीहरूले पूजा गरेका छन् ।

प्रणीधान र बुद्धपाठले १० दिनसम्म मायादेवी मन्दिर परिसर गुन्जायमान बन्दा त्यहाँ पुगेका पर्यटकसमेत पूजामा आकर्षित भएका थिए । विगतमा २५ वर्षसम्म निरन्तर सञ्चालन गरिएको पूजा विगतमा केही वर्ष रोकिएकोमा पुनः आठ वर्षपछि मंसिर २३ गतेदेखि सुरु भएको थियो ।

लुम्बिनी विकास कोषको पहलमा ४१औं शाक्य गोङ्मा ट्रिछेन रिन्पोछेको उपस्थितिमा पूजा गरिएको हो । मोन्लम पूजाको लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा (खेन्पो छिमे) को उपस्थितिमा मंगलबार समापन गरिएको हो । भारतका ४१औं शाक्य ट्रिछेनको उपस्थितिमा विश्वकै ठूलो शाक्यमोन्लम पूजा लुम्बिनीमा हुँदा यसले आध्यात्मिक वातावरण सिर्जना गरेको कोषका उपाध्यक्ष डा. लामाले बताए । उनले शाक्य ट्रिछेन रिन्पोछे गुरुको उपस्थितिमा लुम्बिनीमा हजारौं लामा, भिक्षु, उपासक उपासिकाहरू सहभागी भएर मोन्लम पूजा हुनु गौरवको विषय भएको बताए ।

डा. लामाले लुम्बिनीबाट सुरु भएको शाक्यमोन्लम पूजा निरन्तरताका लागि कोष स्थानीय प्रशासन, स्थानीय सरकार, होटल व्यवसायी र आमनागरिकले साथ दिनुपर्ने बताए । प्राणी जगत्को कल्याणका लागि जीवन अर्पित गरेका बोधिसत्वहरूका प्राणहरूको सम्झना गरेर शान्तिको कामना गरिएको थियो । हिमाली बौद्ध परम्पराअनुसार लुम्बिनीस्थित मायादेवी मन्दिर परिसरमा बिहानैदेखि त्रिरत्न वन्दनाको पाठ र समन्त भद्र प्राणीधान स्तोत्र गर्ने गरिएको थियो ।

# प्लास्टिकजन्य फोहोर नजलाउन आग्रह

**काठमाडौं (प्रस)–** वन तथा वातावरण मन्त्रालयले प्लास्टिकजन्य फोहोर तथा कृषिजन्य अवशेषहरू नजलाउन आग्रह गरेको छ । विभागले मंगलबार एक सूचना निकालेर सवारीसाधनको नियमित मर्मतसम्भार गर्न, उद्योग कलकारखाना तथा भान्साहरूमा स्वच्छ ऊर्जाको प्रयोग गर्न र सडक तथा निर्माण कार्यबाट उड्ने धुवाँ धुलोको यथोचित् नियन्त्रण गर्न आग्रह गरेको हो । विगत केही सातादेखि मुलुकको तराई क्षेत्रलगायत काठमाडौं उपत्यकामा वायु प्रदूषण बढेको सन्दर्भमा विभागले उक्त सूचना जारी गरेको हो ।

वायु प्रदूषणका मुख्य कारक उद्योग, कलकारखाना र सवारीसाधन, वन डढेलो हो । त्यसैगरी, खुलारूपमा फोहोर तथा कृषिजन्य अवशेष जलाउँदा, सडक तथा निर्माण कार्यहरूबाट उड्ने धुलोले पनि वायुलाई प्रदूषित गर्दछ । वायु प्रदूषणले मानव स्वास्थ्यमा नकारात्मक असर पार्ने र विशेषगरी बालबालिका, वृद्धवृद्धा एवं श्वासप्रश्वास र मुटुका बिरामी, गर्भवतीहरूलाई बढी प्रभाव पार्ने भएकाले विशेष सावधानी अपनाउन विभागले अनुरोध गरेको छ ।

पृष्ठ १ बाट क्रमशः

## खराब कर्जाले...

एकाध व्यक्तिहरू प्रसाईंको नजिककै भएको र कर्जा नतिरेका बताइएको छ । जसमध्ये एक हजार बढीलाई कालोसूचीमा राखेको कार्कीले बताए । 'हालसम्म ११ सय ५० जनालाई कर्जा नतिरेकै आधारमा कालोसूचीमा राखेका छौं । त्यसमध्ये पनि पछिल्लो समय ३५ जनाले कर्जा चुक्ता गरिसक्नुभएको छ,' उनले भने, 'अहिलेसम्म हामीले कर्जा चुक्ता गर्न आउनका लागि भन्दै छ हजार ३०० जना ऋणीको नाम सार्वजनिक गरिसकेका छौं ।' दोस्रो बजारमा हाल यस संस्थाको सेयर प्रतिकित्ता ६९० रूपैयाँ हाराहारीमा कारोबार भइरहेको छ ।

■■■

## संक्रमणकालीन...

उनका अनुसार सरकारसँग अब तीनवटा विकल्प छन् । एक, मिश्र नेतृत्वकै सर्च कमिटीलाई म्याद थप गर्ने र जहाँ प्रक्रिया रोकिएको छ, त्यहीँबाट काम थाल्न आग्रह गर्ने । दोस्रो, नयाँ सर्च कमिटी बनाउने र सुरुबाटै प्रक्रिया थाल्ने । सरकारसँग तेस्रो विकल्प पनि छ । त्यो भनेको ऐनमा उल्लेख भएको बाधा अड्काउ फुकाउअनुसार सर्च कमिटी बनाउने व्यवस्था संशोधन गरी मन्त्रिपरिषद्‌बाट सीधै आयोग गठन गर्ने । यी तीनमध्ये कुन विकल्पमा सरकार जान्छ ? यसै भन्न सकिने अवस्था छैन ।

तर, मिश्रले राजनीतिक दबाबका कारण पदाधिकारी छनोट गर्न नसकेको सन्देश दिएका छन् । नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच कसलाई अध्यक्ष बनाउने भन्नेमा सहमति जुटेको थिएन । त्यसले गर्दा पहिलो र दोस्रो विकल्पमध्ये कुनै एकमा सरकार गए संयोजक मिश्र सहमत हुनसक्ने सम्भावना कम रहेको चर्चा हुँदै आएको छ ।

किनभने कांग्रेस सभापति शेरबहादुर देउवाले सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यक्षमा सुदीप पाठक र विश्वराज कोइरालाको नाममा अडान राखेका थिए । तर, दुवैको नाममा विरोध भएको थियो । उनीहरूको नाममा राजनीतिक दल, द्वन्द्वपीडित र अन्तर्राष्ट्रिय समुदायलेसमेत प्रश्न उठाए । त्यसपछि मिश्रले तेस्रो व्यक्ति खोज्न दलहरूलाई सन्देश दिएका थिए । त्यही सन्देश बोकेर सदस्यहरू अर्जुन कार्की, खम्बबहादुर खाती कांग्रेस सभापति देउवा निवासमा पटकपटक पुगेको स्रोत बताउँछ ।

स्रोतहरूका अनुसार देउवाले अडान नफेर्ने संकेत गरेपछि मिश्र भने अध्यक्षमा एक जना सिफारिस गरेर सर्च कमिटीको कार्यकाल सक्न आग्रह गरेका थिए । त्यसै अनुसार, मिश्रले सर्च कमिटीमा काशीराज दाहालको नाम प्रस्ताव गरेको स्रोतको दाबी छ । त्यसमा खातीसहित केही सदस्यले असहमति जनाए । त्यसपछि सोमबारको बैठक अनीर्णित भयो ।

सरकारले गत कात्तिक २ गते सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश मिश्रको नेतृत्वमा सिफारिस समिति बनाएको थियो । समितिमा मानवअधिकार आयोगका आयुक्त मनोज दवाडी, अमेरिकाका लागि पूर्वराजदूत अर्जुनबहादुर कार्की, आदिवासी जनजाति महिला महासंघकी संस्थापक अध्यक्ष स्टेला तामाङ र पूर्वमहान्यायाधिवक्ता खम्बबहादुर खाती सदस्य थिए । गत कात्तिक २ गते गठित समितिलाई दुई महिनाको कार्यअवधि दिइएको थियो ।


**कुवेत/युएइमा रोजगार** कम्पनी : Munayer Al Deera Co. for Home Delivery for Consumables Wll सेवा शुल्क:१०,०००

पूर्व स्वीकृति मिति : २०८१/०६/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/०२ LT. No. 311495 चलानी नं.६०२२५९००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LIGHT DRIVERS | 52 | 0 | 160 | ७०,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Stargate Building Solution Llc

पूर्व स्वीकृति मिति : २०८१/०२/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/०२ LT. No. 305739 चलानी नं.६०२२०६९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 200 | 100 | 1000 | ३६,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १० गते (25th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६०२/०७९/०८० BRIGHT FUTURE HR SOLUTION PVT. LTD. KMC-3, Kathmandu, Nepal, Tel: 1-5914632/5924633, 9802348222 , 9762884218 Email: brightfuturehrsolution1602@gmail.com

**साउदीमा रोजगार** कम्पनी : GULF DRILLING COMPANY FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०९/०१ LT. No. 315456 चलानी नं. ६०२२९७४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1000 | ३६,०३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १० गते (25th Dec. 2024) मा हुनेछ । सेवा शुल्क: १०,०००

Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants) Govt. License 280/058/059 Minbhawan, Kathmandu, Nepal, Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189 E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn

**युएइमा रोजगार** कम्पनी : Al Hoboob Cleaning Services

पूर्व स्वीकृति मिति : २०८०/१०/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/०२ LT. No. 298461 चलानी नं. ६०२१४२११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 90 | 10 | 800 | २९,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Center Point Hotel Vitamode Municipality Jhapa मा मिति: २०८१ पौष ११ गते (26th Dec. 2024) मा हुनेछ । झापाको लागि सम्पर्क: 9802891204/9802891205, संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १२ गते (27th Dec. 2024) मा हुनेछ ।

Fix Job Overseas Pvt. Ltd. Govt.Lic. No. 1590/079/80 Sinamangal-9, Pingalasthan, Kathmandu, Nepal Tel : +977-1-5912965, 9841945941 E-mail : info@fixjoboverseas.com, fixjoboverseas@gmail.com, Website : www.fixjoboverseas.com

**कुवेतमा रोजगार** कम्पनी : Atqan for installing ceramic, stone, marble, tiles company

पूर्व स्वीकृति मिति : २०८१/०९/०१ LT. No. 315450 चलानी नं. ६०२२९७१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ceramic technician | 3 | 0 | 150 | ६६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Decoration Technician | 2 | 0 | 150 | ६६,०२० | | | | | | | |
| 3 | Helpers | 3 | 0 | 120 | ५२,८१५ | | | | | | | |
| 4 | Helpers | 1 | 0 | 150 | ६६,०२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १० गते (25th Dec. 2024) मा हुनेछ । सेवा शुल्क: १०,०००

Honesty Overseas Pvt.Ltd. License No. : 1000/068/69 Basundhara Chowk-8, Kathmandu, Nepal, Phone No.: +977-1-4364494, 4352243, Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

**युएइमा रोजगार** कम्पनी : WIN AMPHIBIOUS GENERAL SECURITY GUARD SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८०/१२/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/०२ LT. No. 303329 चलानी नं. ६०२१८१५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 30 | 0 | 1300 | ४७,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १० गते (25th Dec. 2024) मा हुनेछ ।

S.N. Recruiting Service Pvt Ltd Govt. License 1284/074/75 Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com

**युएइमा रोजगार** कम्पनी : HAYATT SWIMMING POOLS MAINTENANCE. L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०९/०१ LT. No. 315334 चलानी नं. ६०२२९७५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 10 | 0 | 900 | ३३,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १० गते (25th Dec. 2024) मा हुनेछ । सेवा शुल्क: १०,०००

OM OVERSEAS EMPLOYMENT PVT.LTD Govt. License 1518/074/075 Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9801020501 E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

**युएइमा रोजगार** कम्पनी : ABU Dhabi Berkeley Services LLC

पूर्व स्वीकृति मिति : २०८०/११/१४ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/०२ LT. No. 300573 चलानी नं. ६०२१५५०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 75 | 0 | 800 | २९,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १० गते (25th Dec. 2024) मा हुनेछ ।

Proficient Employment Services Pvt.Ltd श्रम इजाजत नं. १५८२/०७९/८० KMC-26, Townplanning, Samakhushi, KTM, Contact: 977-5918725/4970500/4970600

**युएइमा रोजगार** कम्पनी : UNITED ENGINEERING CONSTRUCTION CO UNEC

पूर्व स्वीकृति मिति : २०८१/०९/०२ LT. No. 315458 चलानी नं. ६०२२९७६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 100 | 0 | 950 | ३५,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १० गते (25th Dec. 2024) मा हुनेछ ।

प्रिज्म ओभरसिज इम्प्लाइमेन्ट प्रा. लि. श्रम ईजाजत नं. ३११/०५९/०६० वनस्थली-१६, काठमाडौं, नेपाल, फोन नं. ५९०४७२२, ५९०३७२३


## आजको राशिफल


**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


बुधबार, ०३ पुस, २०८१

| राशि | फल |
|---|---|
| मेष | अरूको करकापमा काम गर्न बाध्य । |
| वृष | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| मिथुन | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| कर्कट | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| सिंह | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| कन्या | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| तुला | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| वृश्चिक | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| धनु | सुखद समाचारले मनको डर उत्साहमा रुपान्तरण । |
| मकर | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |
| कुम्भ | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |
| मीन | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०३ पुस, २०८१ (१८ डिसेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३५.४९ | १३६.०९ |
| युरो | १ को | १४२.१३ | १४२.७६ |
| पाउन्ड स्टिर्लङ | १ को | १७१.४० | १७२.१६ |
| स्विस फ्रैन्क | १ को | १५१.८६ | १५२.५३ |
| अस्ट्रेलियन डलर | १ को | ८६.०८ | ८६.४६ |
| क्यानाडियन डलर | १ को | ९५.१४ | ९५.५६ |
| सिङ्गापुर डलर | १ को | १००.३६ | १००.८० |
| जापानी येन | १० को | ८.८१ | ८.८५ |
| चिनियाँ युआन | १ को | १८.६० | १८.६८ |
| साउदी अरब रियाल | १ को | ३६.०७ | ३६.२२ |
| कतारी रियाल | १ को | ३७.१७ | ३७.३३ |
| थाई भाट | १ को | ३.९८ | ३.९९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.८९ | ३७.०५ |
| मलेसियन रिङेट | १ को | ३०.४३ | ३०.५६ |
| दक्षिण कोरियन वन | १०० को | ९.४४ | ९.४८ |
| स्विडिस क्रोनर | १ को | १२.३६ | १२.४१ |
| डेनिस क्रोनर | १ को | १९.०६ | १९.१४ |
| हङकङ डलर | १ को | १७.४३ | १७.५० |
| कुवेती दिनार | १ को | ४४०.२० | ४४२.१५ |
| बहराइन दिनार | १ को | ३५९.२० | ३६०.७९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# त्रिविको सम्पति छानबिन आयोगले बुझायो प्रतिवेदन

■ प्रभाव संवाददाता



**काठमाडौं–** त्रिभुवन विश्वविद्यालयको जग्गा तथा सम्पति खोजबिन आयोगले सरकारलाई प्रतिवेदन बुझाएको छ। मंगलबार प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष आयोगले प्रतिवेदन हस्तान्तरण गरेको हो ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई र विश्वविद्यालयका पदाधिकारीसहितको उपस्थितिमा आयोगका सदस्य महेन्द्र थापाले प्रधानमन्त्री निवास बालुवाटारमा सो प्रतिवेदन हस्तान्तरण गरे । गत जेठ १७ गते मन्त्रिपरिषद्बाट पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा पाँच सदस्यीय आयोग गठन गरिएको थियो ।

आयोगले यही मंसिर १४ गते शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री भट्टराईलाई प्रतिवेदन बुझाएको थियो। प्रतिवेदन बुझेपछि प्रधानमन्त्री ओलीले छानबिन आयोग सक्षम व्यक्तिको संयोजकत्वमा गठन गरिएको उल्लेख गर्दै प्रतिवेदनले औंल्याएका निष्कर्षलाई अविलम्ब कार्यान्वयन गरिने बताए। आयोगले अध्ययन गर्न नभ्याएका र नसकेका क्षेत्रलाई पनि थप अध्ययन गरी निचोडमा पुग्नुपर्ने प्रधानमन्त्री एवं त्रिविका कुलपति ओलीको भनाइ थियो ।

संयोजक त्रिताल अस्वस्थ भएका कारण सदस्य महेन्द्र थापाले संयोजन गरी प्रतिवेदनलाई अन्तिम रूप दिएका थिए। प्रतिवेदनले वि.सं. २०१३ सालदेखिका त्रिविको कीर्तिपुर, नैकाप, ढुंगेअड्डा, पाटनलगायत काठमाडौं उपत्यकाका २१ क्याम्पसका जग्गाको अवस्था, दुरूपयोग र उपयोगका लागि समाधानका उपायहरूसमेत सुझाएको छ । समितिले जग्गाको दुरूपयोग भएका सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग र नेपाली प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोमा लेखी पठाउन पनि सुझाव दिइएको छ ।

# 'अल्पसंख्यकहरूको अधिकारमा नेपाल विश्वकै उदाहरणीय'

**काठमाडौं–** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले लैंगिक एवं यौनिकलगायतका अल्पसंख्यकहरूको अधिकारका क्षेत्रमा नेपाल विश्वमा नै अग्रणी तथा विश्वकै एक उदाहरणीय रहेको बताएकी छन् । जर्मनीको बर्लिनमा मंगलबार आयोजित समान अधिकारसम्बन्धी सम्मेलनको 'राष्ट्रिय कानुन र नीतिहरूमा समावेशिता' विषयक प्यानललाई सम्बोधन गर्दै उनले नेपालले लैंगिक तथा यौनिक अल्पसंख्यक समूह (एलजिबिटी) व्यक्तिहरूको समावेशीकरण र मानवअधिकारका पक्षमा धेरै उपलब्धि हासिल गरेको जानकारी दिइन् ।

यी अल्पसंख्यकहरूको अधिकार सुनिश्चित गर्ने काम सहज नभए पनि नेपाल भने प्रगतिशील कानुनमार्फत् अधिकारको सुनिश्चितता गर्ने विश्वकै पहिलो देश बनेको मन्त्री देउवाले बताइन् । उनले भनिन्, 'यसमा नेपालको यात्रा लामो र जटिल छ तर पनि हामीले प्रगतिशील कानुनहरूमार्फत उनीहरूको अधिकार सुनिश्चित गर्‍यौं । जसका कारण सामाजिक रूपान्तरणमा नेपाल एसियामै अग्रणी हुन पाउँदा हामी गौरवान्वित छौं । हामी एसिया मात्र होइन विश्वव्यापी रूपमा नै लैंगिक तथा यौनिक अल्पसंख्यकहरूको अधिकारका क्षेत्रमा उदाहरण नै बनेका छौं ।'

परराष्ट्रमन्त्री देउवाले विशेषगरी यी प्रावधानहरू सुनिश्चित गर्न नेपालले तीन महत्त्वपूर्ण कदम चालेको जानकारी सो सम्मेलनमा गराइन् । पहिलो काम नेपालले न्यायिक मोर्चामा सशक्त काम गरेको उनको भनाइ थियो । नेपालको सर्वोच्च अदालतले तेस्रोलिंगीलाई कानुनी अधिकार दिन र भेदभाव गर्नेलाई कारबाही गर्न आदेश दिएको र यो ऐतिहासिक फैसलालाई अन्य देशका न्यायालयले पनि नजिरका रूपमा लिएका उनले जानकारी गराइन् ।

त्यसैगरी अदालतले समलिंगी विवाहलाई मान्यता दिने आदेश जारी गरेको र यो साहसी कदम चाल्ने नेपाल नै सम्भवतः दक्षिण एसियाको पहिलो देश बन्न पुगेको पनि मन्त्री डा. देउवाको भनाइ थियो । नेपालले विधायिकीबाट नै लैंगिक तथा यौनिक अल्पसंख्यकहरूका पक्षमा कानुन बनाएको उनले जानकारी दिए । नेपालको संविधानले यस समूहका नागरिकका लागि व्यवस्था गरेको अधिकार पनि एसियाकै पहिलो रहेको र यही कानुनका आधारमा नेपालको संघीय संसद्मा एसियाकै पहिलोपटक समलिंगी नागरिक निर्वाचित भएका पनि उनले स्मरण गरे ।

प्रशासनिक क्षेत्रमा अल्पसंख्यकहरूको अधिकारलाई समेटिएको जानकारी मन्त्री डा. देउवाले दिइन् । निर्वाचन आयोगले सन् २०१० देखि नै मतदाता नामावलीमा लैंगिक पहिचानको तेस्रो विकल्प थप गरेको र पछि यो ढाँचा नेपालको अध्यागमन कार्यालयले पनि आफ्ना फारामहरूमा उल्लेख गरेको उनले बताइन् । त्यसैगरी संघीय जनगणनामा तेस्रो लिंग समावेश गर्ने विश्वको पहिलो देश नै नेपाल बनेको प्रसंग पनि उनले उठाइन् ।

नेपालका संघीय, प्रादेशिक तथा स्थानीय सरकारले यी वर्गका नागरिकहरूको जीविकोपार्जनका लागि बजेटको व्यवस्था गरेका तथा १६औं आवधिक योजनामा यौनिक र लैंगिक अल्पसंख्यकका मुद्दालाई प्राथमिकतामा राखेको उनको भनाइ थियो । मन्त्री देउवाले यी उपलब्धिहरू हुँदाहुँदै पनि चुनौतीहरू पनि रहेका स्पष्ट गरिन् । उनले भनिन्, 'हामीले नियम कानुनहरू बनाइरहँदा तिनको कार्यान्वयनमा पनि ध्यान दिनुपर्ने देखेका छौं । अहिले पनि यी समुदायले हिंसा र मानसिक स्वास्थ्य समस्याहरूको सामना गर्नु परिरहेकाले समस्याको समाधानमा हामी गम्भीर छौं ।' *रासस*


## वैदेशिक रोजगार विभागको
## सार्वजनिक सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री **Supreme Overseas Pvt.Ltd.** (ई.प.नं.३०१/०५९/०६०)को सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (**पन्ध्र**) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविक शेयरधनीको नाम/ शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम/ शेयर संख्या |
|---|---|
| १. श्री प्रदिप शंकर (०१-६०००) | १. श्री प्रदिप शंकर (०१-६०००) |
| २. श्री हरी बहादुर श्रेष्ठ (७५०१-१३५००) | २. श्री हरी बहादुर श्रेष्ठ (७५०१-१३५००) |
| ३. श्री लक्ष्मी प्रजापति (१३५०१-१९५००) | ३. श्री लक्ष्मी प्रजापति (१३५०१-१९५००) |
| ४. श्री बाबुराम खडका (६००१-७५००) (१९५०१-३००००) | ४. श्री बाबुराम खडका (६००१-७५००) (१९५०१-३००००) |

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०३**

यस कम्पनीको मिति २०७८/०५/२९ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **नेपा मिरर प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **बृज सेफ्टी ग्लास प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०५/२९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **बृज सेफ्टी ग्लास प्रा.लि.** (**प्रा.लि.नं.**२३४०३४) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०३**

यस कम्पनीको मिति २०८१/०७/०७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **लविश कर्नर क्याफे प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **रोबोटेक मल्टिपर्पोज कम्पनी प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०७/११ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **रोबोटेक मल्टिपर्पोज कम्पनी प्रा.लि.** (**प्रा.लि.नं.**३०१०८७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०
हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८१/०९/०३

यस बैंकको निक्षेपकर्ता श्री हजरत अली मिया अंसारीको नाती, श्री सिलकत मिया अंसारीको छोरा, सालमा खातुनको श्रीमान, पर्सा जिल्ला, विरगंज महानगरपालिका, वडा नं. १४ बस्ने श्री सनारुलहक अंसारीको ७५ वर्षको उमेरमा मिति २०८१/०५/२२ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको छोरा श्री रिजवान आलम अंसारीले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको छोरा श्री रिजवान आलम अंसारीको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## सेन्चुरी इनर्जी लिमिटेड
का.म.न.पा.-९, काठमाडौं

### आ.व. २०८०/०८१ को वार्षिक साधारणसभा सम्बन्धी सूचना

**(तेस्रो पटक प्रकाशित मिति : २०८१/०९/०३ गते)**

मिति २०८१/०७/२५ गते बसेको सञ्चालक समितिको वैठकको निर्णयानुसार यस **सेन्चुरी इनर्जी लिमिटेड**को आ.व.२०८०/०८१ को **वार्षिक सधारणसभा** निम्न मिति, स्थान र समयमा निम्न विषयहरूउपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण सेयरधनी महानुभावहरूको अनिवार्य उपस्थितिको जानकारीका लागि अनुरोध गरिएको छ।

**सभा हुने मिति, स्थान:**

**मितिः २०८१ पौष २० गते, शनिबार, बिहानको ९ बजे**
**स्थानः कम्पनीको कार्यालय, रातोपूल, काठमाडौं**

(क) **सामान्य प्रस्ताव** :

१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात नाफा र नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायत अन्य अनुसूचिहरू उपर छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समिति चयन गर्ने सम्बन्धमा ।
४. आ.व.२०८१/०८२ को लागि लेखा परिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ख) **विशेष प्रस्ताव** :

१. सञ्चालक समितिबाट सिफारिस भएअनुसार आर्थिक वर्ष २०८०/८१ मा कम्पनीले कमाएको मुनाफाबाट चुक्ता पूँजीको ८.५ प्रतिशत (करसहित) मौजुदा सेयरधनीहरूलाई गरिने नगद बोनस वितरण स्वीकृत गर्ने सम्बन्धमा ।

(ग) **विविध** :

१. नियमन निकायहरूको निर्देशन अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नुपर्ने अवस्था आइपरेमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने सम्बन्धमा ।

**सञ्चालक समितिको निर्णय अनुसार**
**कम्पनी सचिव**

## कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०९/०३ गते प्रभाव दैनिक )

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८१ पुस १८ गते बिहीबार**का दिन सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

### बागबजार, काठमाण्डौ शाखा

| १. ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०८/१२ मा दर्ता नं. २०३२६३/०७५/०७६ दर्ता कायम भई काठमाण्डौ जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ०८ स्थित रजिष्टर्ड कार्यालय रहेको **विनायक टायर सेन्टर प्रा.लि.।** | १. **ललिता थापा**को नाममा मालपोत कार्यालय, मलंगवा, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स./न.पा. वडा नं. ०१ स्थित कित्ता नं. ४ को क्षे.फ. १-१६-७-० (वि.क.धु.क) को घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **निश्चल थापा मगर**<br>ना.प्र.नं.- १९/२०५६/१२२१<br>जारी मिति - २०६९/०८/२२, जि.प्र.का. सर्लाही<br>बाबु - संतोष कुमार थापा मगर<br>बाजे - कृष्ण वहादुर थापा<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, ईश्वरपुर न.पा., वडा नं. ०६<br>हालको ठेगाना- ऐ.ऐ<br>२. **विवेक भण्डारी**<br>ना.प्र.नं.- २९-३०५०९<br>जारी मिति - २०६३/०३/०४, जि.प्र.का. भक्तपुर<br>बाबु - राम कृष्ण भण्डारी<br>बाजे - भरत बहादुर भण्डारी<br>स्थायी ठेगाना- भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा., वडा नं. ०५<br>हालको ठेगाना- ऐ.ऐ | ३. **ललिता थापा**<br>ना.प्र.नं.- ५५३/१००८,<br>जारी मिति - २०४५/०१/२४ जि.प्र.का. सर्लाही<br>बाबु - खड्गनारायण थापा<br>बाजे- रबिलाल थापा<br>स्थायी ठेगाना- सर्लाही जिल्ला, ईश्वरपुर न.पा., वडा नं. ०२<br>हालको ठेगाना- ऐ.ऐ |

### इनरुवा शाखा

| १. ऋणीहरुको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| क. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, मोरङ्ग (बिराटनगर) मा मिति २०७०/१०/१५ मा प्रा.फा.नं.घ.मो. ११०१०/०७०/७१ कायम भई दर्ता रहेको मोरङ्ग जिल्ला, टंकीसिनवारी गा.वि.स. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **बर्षा गृल उद्योग।**<br>**प्रोप्राईटर - सेर बहादुर विश्वकर्मा**<br>ख. **सेर बहादुर विश्वकर्मा**<br>ना.प्र.नं.- ६२७४५<br>जारी मिति - २०५८/०९/०३, जि.प्र.का. मोरङ्ग<br>बाबु - धनि लाल विश्वकर्मा<br>बाजे - पृथ्वीमान विश्वकर्मा<br>स्थायी ठेगाना- मोरङ्ग जिल्ला, टंकीसिनवारी गा.वि.स. वडा नं. ०४<br>हालको ठेगाना- मोरङ्ग जिल्ला, बुढिगंगा गा.पा. वडा नं. ०३ | १. **अर्चना विश्वकर्मा**को नाममा मालपोत कार्यालय, विराटनगर मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, टंकीसिनवारी गा.वि.स. वडा नं. ०४/ख स्थित कित्ता नं. १९७८ को क्षे.फ. ०-०-१३-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **अर्चना विश्वकर्मा**<br>ना.प्र.नं.- ६/१०००५<br>जारी मिति - २०६५/०८/२९, जि.प्र.का. मोरङ्ग<br>बाबु - वसन्त कुमार विश्वकर्मा<br>बाजे - फुदनलाल विश्वकर्मा<br>पति - सेर बहादुर विश्वकर्मा<br>स्थायी ठेगाना- मोरङ्ग जिल्ला, टंकीसिनवारी गा.वि.स. वडा नं. ०४<br>हालको ठेगाना- मोरङ्ग जिल्ला, बुढिगंगा गा.पा. वडा नं. ०३ | २. **विरेन्द्र विश्वकर्मा**<br>ना.प्र.नं.- ०५-०१-७५-०३७६१<br>जारी मिति - २०७५/०३/२२, जि.प्र.का. मोरङ्ग<br>बाबु - सेर बहादुर विश्वकर्मा<br>बाजे - धनि लाल विश्वकर्मा<br>स्थायी ठेगाना- मोरङ्ग जिल्ला, बुढिगंगा गा.पा. वडा नं. ०३ |

### विराटनगर शाखा

**१. ऋणीहरुको विवरण**

| | |
|---|---|
| क. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/१२/०३ मा दर्ता नं. २३६५६०/०७६/०७७ कायम भई दर्ता रहेको सुनसरी जिल्ला, बर्जु गा.पा. वडा नं. ०२ स्थित रजिष्टर्ड कार्यालय रहेको **सेजल पोल्ट्रि फार्म प्रा.लि.**<br>**सञ्चालक अध्यक्ष - सविता ओली** | ख. **सरोज भट्टराई**<br>ना.प्र.नं.- ०४०३०४४/७४३<br>जारी मिति - २०६३/११/१८, जि.प्र.का. झापा<br>बाबु - पदम प्रसाद भट्टराई<br>बाजे - कृष्ण प्रसाद भट्टराई<br>स्थायी ठेगाना- झापा जिल्ला, दमक गा.वि.स, वडा नं. १५<br>हालको ठेगाना- झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ०३ |

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **सरोज भट्टराई**<br>ना.प्र.नं.- ०४०३०४४/७४३<br>जारी मिति - २०६३/११/१८, जि.प्र.का. झापा<br>बाबु - पदम प्रसाद भट्टराई<br>बाजे - कृष्ण प्रसाद भट्टराई<br>स्थायी ठेगाना- झापा जिल्ला, दमक गा.वि.स, वडा नं. १५<br>हालको ठेगाना- झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ०३<br>२. **सविता ओली**<br>ना.प्र.नं.- ०४१०१९/१४६७<br>जारी मिति - २०६८/०५/१८, जि.प्र.का. झापा<br>बाबु - डिल्लीराम ओली<br>बाजे - पुष्पलाल ओली<br>स्थायी ठेगाना- झापा जिल्ला, जलथल गा.वि.स., वडा नं. ०७<br>हालको ठेगाना- झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ०३<br>३. **विनम कुमारी यादव**<br>ना.प्र.नं.- १६२०२३/३५६<br>जारी मिति - २०७०/०३/१८, जि.प्र.का. सप्तरी<br>बाबु - गणेश प्रसाद यादव<br>बाजे - लक्ष्मी गोइत यादव<br>स्थायी ठेगाना- सप्तरी जिल्ला, मधवापुर गा.वि.स., वडा नं. ०९<br>हालको ठेगाना- झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ०२ | ४. **ऋषि यादव**<br>ना.प्र.नं.- ८११९८<br>जारी मिति - २०६०/१०/०८, जि.प्र.का. मोरङ्ग<br>बाबु - योगेन्द्र प्रसाद यादव<br>बाजे - रामेश्वर यादव<br>स्थायी ठेगाना- सप्तरी जिल्ला, मैनाकडेरी गा.वि.स., वडा नं. ०४<br>हालको ठेगाना- मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं. १०<br>५. **सरस्वती चौहान**<br>ना.प्र.नं.- २९९३१<br>जारी मिति - २०६३/०६/०४, जि.प्र.का. मोरङ्ग, उर्लावारी<br>बाबु - भोजराज चौहान<br>बाजे - खडक बहादुर चौहान<br>स्थायी ठेगाना- मोरङ्ग जिल्ला, शनिश्चरे गा.वि.स., वडा नं. ०१<br>हालको ठेगाना- मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं. १०<br>६. **सिताराम यादव**<br>ना.प्र.नं.- १६ ३०५४<br>जारी मिति - २०६१/०४/१४, जि.प्र.का. सप्तरी<br>बाबु - लक्ष्मी विराजी यादव<br>बाजे - बिष्मी विराजी यादव<br>स्थायी ठेगाना- सप्तरी जिल्ला, डिमन गा.वि.स., वडा नं. ०७<br>हालको ठेगाना- झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. ०२ |

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **सेजल पोल्ट्रि फार्म प्रा.लि.** नाममा मालपोत कार्यालय इनरुवा, सुनसरी दर्ता कायम रहेको सुनसरी जिल्ला रामगञ्ज बेलगछिया गा.वि.स., वडा नं. ०५ स्थित कित्ता नं. ७२ को क्षे.फ. ३-४-९-० (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु ।
२. **सविता ओली**को नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स., वडा नं. ०६ स्थित कित्ता नं. २५८ को क्षे.फ. ३९३.६२ (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु ।

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८१ पुस १७ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८१ पुस १८ गते ०३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८१ पुस १८ गते बिहीबार अपरान्ह ०३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## न्याय निरूपणमा झेल

**सरकारपक्ष र माओवादीपक्षको द्वन्द्वविराम भएर माओवादी नै पटक-पटक सरकारको नेतृत्वमा पुगिसकेको छ । शान्ति सम्झौता भएपछि जारी भएको संविधानअनुसार दुईपटक तीनै तहको निर्वाचन भइसक्यो । तर शीर्ष राजनीतिक दलहरू भने अनेक बहाना बनाएर सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको काम रोक्ने दाउमा लागेका छन् । सुरूमा यसको आनाकानी नेपाली कांग्रेसबाट भएको थियो । माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री रहेकै बेला संसद्बाट पारित हुन लागेको विधेयकलाई अहिलेका गृहमन्त्री रमेश लेखकले चतुऱ्याइँपूर्वक रोकेका थिए, संसदीय समितिमा । कानुन समितिमा रहेको उक्त विधेयक रोक्न त्यतिबेलाका कानुनमन्त्री धनराज गुरुङले पनि सघाएका थिए ।**

**शान्ति प्रक्रियाको एक हिस्सेदारको नाताले माओवादी अध्यक्ष दाहाल आफू सरकारको नेतृत्वमा छँदा टिआरसी टुंगोमा पुऱ्याउने चाहन्थे । तर उनको चाहना कांग्रेसका कारण अधुरै रह्यो । कांग्रेसले आफूलाई पनि टिआरसीको बलियो हिस्सेदार ठान्छ । कांग्रेस सभापति शेरबहादुर देउवा आफू सरकारमा पुगेपछिमात्र यसलाई टुंग्याउनुपर्ने मनसायमा देखिन्छन् । यसकारण पनि बल्लतल्ल संसद्बाट पारित भएर कानुनको रूप लिएको टिआरसीले कार्यान्वयनमा जाने छाँट देखिँदैन ।**

**आयोगका पदाधिकारी सिफारिसमा ढिलासुस्तीबाट पनि यो प्रस्टिन्छ । वर्तमान सरकारको नेतृत्वमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली छन् । ओलीको प्राथमिकतामा यो विषय परेको छैन । पदाधिकारी सिफारिस गर्न गठित पूर्वप्रधानन्याधीश ओमप्रकाश मिश्र नेतृत्वको 'सर्च कमिटी'ले कार्यादेशअनुसार पदाधिकारी सिफारिस गर्न सकेन । योसँगै पदाधिकारी सिफारिसको जिम्मेवारी मन्त्रिपरिषद्को काँधमा पुगेको छ ।**

**सर्च कमिटीलाई अल्मल्याउन कांग्रेस सभापति देउवाले सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यक्षमा सुदीप पाठक र विश्वराज कोइरालाको नाममा लिएका थिए । दुवैको नाममा राजनीतिक दल, द्वन्द्वपीडित र अन्तर्राष्ट्रिय समुदायले प्रश्न उठाए । कुरा मिलाउन कांग्रेसनिकट सर्च कमिटीका सदस्यहरू अर्जुन कार्की, खम्बबहादुर खाती देउवानिवास बूढानीलकण्ठ पनि नधाएका हैनन् । तर, देउवा अहिले नै यो प्रक्रिया पूरा गर्नेतिर लागेको देखिन्न । कारण आफ्नो नेतृत्वमामात्र यो प्रक्रिया टुंगोमा पुऱ्याउने मनसाय उनको देखिन्छ । काम कुरा बिगारेर अन्तमा आफैंले मध्यस्थता गर्ने र जस लिने बानी नेताहरूको पुरानै हो । यही सूत्र प्रयोग गर्ने दाउसहित देउवाले सर्च कमिटीको निर्णयमा आनाकानी गरेका हुन् । के यसरी नै द्वन्द्वपीडितको भावनामा खेलिरहने ?**

## मननयोग्य

### चाणक्य नीति

'धर्मको गति बुझिनसक्नु छ' 'र्मका तात्विक विषयहरू यत्रतत्र पाइँदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ। धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छँदैछन् । कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन । धर्म र अधर्मका तत्त्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र बुझ्नुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले बुझेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था) बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्त्व भनिएको छ ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठातृ देवता हुन् भनी मानिँदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो । शास्त्र र यसको तत्त्वलाई भलिभाँती बुझेका ऋषि महर्षिहरूले सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् ।

विदुरनीतिमा राजनीतिका मूलभूत कुरा र गहन तत्त्वहरूको विवेचना गरिएको छ । साथै मानवीय चरित्रको उत्थान र विकास गर्ने नैतिक उपदेशहरूको प्रवचन पनि यसमा समावेश छ । सामाजिक मूल्य र मान्यतालाई ह्रास हुनबाट जोगाउने क्रममा वर्तमान समयमा पनि विदुरनीति त्यत्तिकै प्रासंगिक ठहरिएको छ ।

# एनपिएल क्रिकेट: अझ रोमाञ्चक बन्दै



राजु सिलवाल

नेपाली तथा विभिन्न मुलुकका चर्चित क्रिकेट खेलाडीहरूले एकै टोलीमा रहेर खेलिरहेको यो प्रतियोगिता उपलब्धिमूलक बनिरहेको छ । प्रतियोगितामा नेपाली युवा खेलाडीहरूलाई पनि खेल्ने अवसर दिइएबाट उनीहरू प्रोत्साहित हुन पुगेका छन् । खुला प्रतिस्पर्धाबाट छनोट भएका युवा प्रतिभाहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरूसँग एउटै टोलीमा रहेर खेल्न पाउनु सानो अवसर होइन । एनपिएल क्रिकेटमा खेल्न विभिन्न मुलुकबाट आएका क्रिकेट स्टारहरू कीर्तिपुर रंगशालामा दिनहुँ भइरहेको दर्शकहरूको भीडले गर्दा लोभिएका छन् ।

काठमाडौंमा जारी नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट अत्यन्त प्रतिस्पर्धात्मक तथा रोमाञ्चक खेलहरूका साथ 'प्लेअफ' चरणमा पुगेपछि अझ रोचक बन्ने देखिएको छ । हालसम्म सम्पन्न २८ वटा खेलका नतिजाले आगामी खेलहरूले नेपालमा क्रिकेटको लोकप्रियतालाई झन् उचाइमा लैजाने स्पष्ट छ ।

नेपालका सबै प्रदेशको प्रतिनिधित्व गरेका आठ टोलीमध्ये चार टोली शीर्षस्थानमा पुगेका छन् । यसमध्ये सर्वाधिक १२ अंक हासिल गर्न सफल सुदूरपश्चिम रोयल्स तथा अंक तालिकामा १० अंक प्राप्त गरेर दोस्रो स्थानमा पुगेको जनकपुर बोल्ड्सबीच पुस ३ गते बुधबार दिउँसो प्रतिस्पर्धा हुँदै छ । शीर्ष दुई स्थानमा पुगेका यी दुई टोलीबीच क्वालिफायरमा भीडन्त हुन लागेको हो । यसमा जित्ने टोली फाइनलमा पुग्ने छ । सुदूरपश्चिम र जनकपुर दुवै टोलीले अत्यधिक म्याच जितेकाले दुवै टोलीका खेलाडीहरूमा उच्च मनोबल रहेको पाइएको छ । दुवै टोलीले प्रतियोगता जित्ने दाबी गर्दै आएका छन् ।

सुदूरपश्चिम टोलीका कप्तान दीपेन्द्रसिंह ऐरीले सुरुदेखि नै उपाधि जित्ने बताउँदै आएका थिए । विश्वको सर्वोच्च शिखर सगरमाथाको कालापत्थरको ढुंगा अंकित ट्रफी आफ्नो प्रदेशमा लैजान सफल हुने कप्तान ऐरीको आत्मविश्वास रहेको छ । एनपिएलको पहिलो म्याचमा विराटनगर किंग्सलाई सहजरूपमा पराजित गरेर आफ्नो बलियो उपस्थिति देखाएको जनकपुर टोलीका कप्तान अनिल शाह पनि मधेस प्रदेशमा ट्रफी भित्र्याउन दृढ रहेका छन् । यी दुवै टोलीले विगतका म्याचहरूमा ब्याटिङ, बलिङ प्रदर्शन गर्दै दर्शकहरूको मन जितेका छन् । एनपिएल क्रिकेटमा खेल्न विभिन्न कीर्तिपुर रंगशालामा दिनहुँ भइरहेको दर्शकहरूको भीडले गर्दा अत्यन्त लोभिएका छन् । सुदूरपश्चिम तथा जनकपुरको म्याच भएको बखत कीर्तिपुर रंगशालामा दर्शकको संख्या अत्यधिक हुने गरेकाले बुधबारको खेलमा पनि दर्शक व्यवस्थापन चुनौती हुनसक्ने आकलन गरिएको छ । सुदूरपश्चिम टोलीका समर्थकहरूले देउडा तथा जनकपुरका समर्थकहरूले स्थानीय भाखामा नाचगान गरेर माहोल रमणीय बनाउँदै आएका छन् ।

खेलमा पूर्वानुमान गर्न कठिन हुन्छ । एनपिएलमा सशक्त उपस्थिति देखाएको सुदूरपश्चिम तथा जनकपुर जस्तो टोलीलाई पराजित गर्न सफल चितवन राइनोज टोली अहिले अंकको आधारमा तेस्रो स्थानमा रहेको छ । बुधबार बिहान समान आठ अंक प्राप्त गरेको चितवन राइनोज तथा कर्णाली याक्सबीच खेल हुँदै छ । तर, काठमाडौं गुर्खाजले पनि समान आठ अंक हासिल गरेता पनि रनरेटका आधारमा प्लेअफबाट बाहिरिनुपऱ्यो । लिग चरणमा चितवन टोली कर्णालीसँग सात रनले पराजित भइसकेको भएता पनि अब हुने 'इलिमिनेटर' प्रतिस्पर्धा चितवन र कर्णाली टोलीका लागि महत्त्वपूर्ण मानिएको छ । क्वालिफायरमा पराजित हुने टोलीसँग इलिमिनिटरमा जित्ने टोलीले खेल्ने छ । विजयी हुने टोलीका लागि फाइनलको ढोका खुला हुने छ ।

### नेपालीलाई सफलता

एनपिएलमा हालसम्म सबैभन्दा बढी विकेट अतिथि खेलाडी स्कट कुगेलेइनले १५ विकेट लिन सफल भएका छन् । त्यसपछि नेपालका ललित राजवंशी र रिजन ढकालले समान १३ विकेट लिएर आफ्नो क्षमतालाई प्रदर्शन गरेका छन् । करण केसीले भने १२ विकेट लिएका थिए । यसैगरी सर्वाधिक २७९ रन रोहित पौडेलले लिन सफल भएका छन् । उनीपछि सर्वाधिक रन लिनेमा अतिथि खेलाडीहरू छन् । तर नेपाली खेलाडीहरूले पनि सयौं रन लिन सफल भएका छन् ।

सर्वाधिक रन लिनेको सूचीमा चौथो स्थानमा रहेका नेपाली कुशल मल्लले २०२ रन तथा दीपेन्द्रसिंह ऐरीले १९८ रन बनाउन सफल भएका छन् । न्युजिल्याण्डबाट एनपिएल खेल्न आएका दिनेश खरेलले १६२ रन तथा अस्ट्रेलियाबाट आएका किशोर महतोले १० विकेट लिएर विदेशबाट खेल्न बोलाइएका नेपालीहरूको सशक्त उपस्थिति देखाएका छन् । अवसरको खोजीमा विभिन्न मुलुकमा रहेका नेपाली क्रिकेटरहरूलाई नेपाल क्रिकेट संघ (क्यान) ले स्वदेशमा पहिलोपटक आयोजित एनपिएल खेल्न बोलाएर उनिहरूको प्रतिभाको कदर गरेको छ ।

यसरी नेपाली तथा विभिन्न मुलुकका चर्चित क्रिकेट खेलाडीहरूले एकै टोलीमा रहेर खेलिरहेको यो प्रतियोगिता उपलब्धिमूलक बनिरहेको छ । प्रतियोगितामा नेपाली युवा खेलाडीहरूलाई पनि खेल्ने अवसर दिइएबाट उनीहरू प्रोत्साहित हुन पुगेका छन् । खुला प्रतिस्पर्धाबाट छनोट भएका युवा प्रतिभाहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरूसँग एउटै टोलीमा रहेर खेल्न पाउनु सानो अवसर होइन । एनपिएल क्रिकेटमा खेल्न विभिन्न मुलुकबाट आएका क्रिकेट स्टारहरू कीर्तिपुर रंगशालामा दिनहुँ भइरहेको दर्शकहरूको भीडले गर्दा लोभिएका छन् ।

### कीर्तिपुरमै बास

कीर्तिपुर रंगशालाको वरिपरि ओछ्यान ओछ्याएका पनि देखिन्छन् । रंगशाला प्रवेशद्वार नजिक खानेकुराका साथै अन्य सामग्री बेच्नका लागि ठाउँ ओगट्न व्यापारीहरू खुला आकाशमै सुत्ने गरेका छन् । तापक्रम घटेर जाडो बढिरहेको समयमा पनि कीर्तिपुरमा भने क्रिकेटप्रेमीहरूको बिहान सबेरैदेखि घुइँचो लाग्ने गरेको छ । टिकट किनेर चिसो चौरमा बस्दै क्रिकेट हेर्दा पनि दर्शकहरूको उत्साहमा भने कमी देखिएको छैन । काठमाडौंबाहिरका केही टोलीले म्याच हेर्न काठमाडौं आउनका लागि निःशुल्क बसको व्यवस्था गरेर खेलप्रेमीहरूलाई हौसला दिएका छन् । कीर्तिपुर रंगशालामा दर्शकहरूले गरेका फोहोर सफा गर्ने काममा पनि क्रिकेटप्रेमी युवाहरूले सक्रियता देखाएका छन् ।

### खेलाडी पर्यटक बन्दै

नेपालमा एनपिएलका लागि अनुबन्ध भई आएका विश्वप्रसिद्ध क्रिकेट खेलाडीहरूको नेपालको गतिविधिले विदेशमा नेपालको प्रचार भइरहेको छ । उनीहरूले विभिन्न भागको भ्रमण गरेर नेपालको पर्यटन प्रवर्द्धन गरेका छन् । भारतका चर्चित क्रिकेट खेलाडी शिखर धवनले पहिलोपटक एनपिएलमा खेल्न नेपाल आएर सगरमाथा आधार शिविरको भ्रमण गर्नसमेत भ्याएका थिए । कर्णाली याक्सका तर्फबाट चारवटा खेल खेलेपछि स्वदेश फर्किएका धवनले सगरमाथा क्षेत्रमा बिताएको क्षणका तस्बिर तथा समाचार विभिन्न अन्तर्राष्ट्रिय माध्यमलेसमेत महत्त्व दिएर प्रकाशित गरेका थिए । एनपिएल क्रिकेट हेर्न नेपाल आएका विश्वविख्यात क्रिकेटर ब्रायन लाराको नेपाल भ्रमणले पनि विश्वमा नेपाललाई चिनाउन मद्दत गरेको छ । उनले पनि सगरमाथा क्षेत्रको भ्रमण गरेका थिए ।

### कमेण्टेटरको कमाल

एनपिएल क्रिकेट प्रतियोगिताको प्रत्यक्ष प्रसारणको माध्यमबाट विश्वमा नेपालको व्यापकरूपमा प्रचार भइरहेको छ । एक्सन स्पोर्टस अन्तर्राष्ट्रिय टेलिभिजनले क्रिकेट प्रतियोगिताका साथै नेपालको पर्यटन प्रवर्द्धन पनि गरिरहेको छ । क्रिकेटको प्रत्यक्ष प्रसारणमा विश्वमै ख्याती कमाएका कमेण्टेटरहरूले दिनहुँजसो नेपालको हिमाल, कला संस्कृति तथा जनजीवनका बारेमा मुक्तकण्ठले प्रशंसा गरिरहेका छन् । उनीहरूले अंग्रेजी भाषामा नेपाली खाजा मःमःदेखि भक्तपुरको जुजु धौसमेतको बारेमा विश्वको विभिन्न देशमा प्रचार गरिरहेका छन् । बेलाबेलामा ड्रोनको माध्यमबाट देखाइने गरिएको काठमाडौं उपत्यकाको रमणीय दृश्यले भविष्यमा पर्यटक बढाउन महत्त्वपूर्ण योगदान गर्ने अपेक्षा गरिएको छ ।

आगामी दिनको सम्भावनाको ढोका खोल्न पनि योगदान गरिरहेका छन् । तर नेपालमा सयौं टेलिभिजन भएता पनि एनपिएल हेर्न विदेशी च्यानलको भर पर्नुपर्ने तथा पर्ने तथा अंग्रेजी नबुझ्नेहरूका लागि खेलका गतिविधि बुझ्न कठिनाइ भइरहेको छ । *रासस*

*(लेखक खेल पत्रकारिताको जानकार हुन्)*

## पाठक पत्र

# आर्थिक मन्दी: बेरोजगारलाई तनाव, साहु दलालीहरूलाई अवसर !

देशमा आर्थिक मन्दी र बेरोजगारी छ । आर्थिक मन्दीको फाइदा होटल-रेस्टुरेण्ट व्यवसायी, निजी संघसंस्थाका मालिकलगायतले भरपुर उठाएका छन् । आर्थिक मन्दीको बहाना बनाउँदै पुरानालाई निकाल्ने, नयाँलाई एकाध महिना सित्तैमा दलाउने । बेरोजगारीका कारण सर्वसाधारण एकाध महिना सित्तैमा खटिन्छन् । त्यसपछि तलबको कुरा गरेमा काम चित्त बुझेन भनेर निकालिदिने । घरायसी काम गर्नेहरूलाई पनि त्यस्तै व्यवहार गरिँदै छ । एक-दुई महिनाको श्रम शोषकहरूले सित्तैमा खाइरहेका छन् । पहिले काम हेरौं भनेर राख्ने अनि तलबको कुरा निकालेपछि विभिन्न बहाना बनाएर कामबाटै निकालिदिने ।

यस्तालाई कारबाही गर्न देशमा नियामक निकाय छैन ? कसैको श्रम कसैले सित्तैमा खान पाउँदैन । तर, सरकार धारे हात लगाएर बस्दा गरिबहरूको श्रम शोषण गरिएको छ । सरकार भन्छ, 'श्रमिकलाई मासिक १७ हजार ३०० रूपैयाँ तलब दिनुपर्छ । अनिवार्य नियुक्ति दिनुपर्छ ।'

त्यसैगरी, एक महिनाबराबरको रकम तलब दसैं पेश्कीबापत दिनुपर्छ । उपचार खर्च, सार्वजनिक बिदा पनि दिनुपर्ने व्यवस्था छ । कामबाट निकाल्दा साहुले तीन महिनाको तलब दिनुपर्छ । विडम्बना, यहाँ त काम गरेकै तलब पाइँदैन । पेश्की, उपचार खर्चको त कुरै छोडौं ।

परिवार सबैको हुन्छ । सबैलाई खानुपर्छ । आफ्नो परिवार पाल्नुपर्छ । कोठा भाडा तिर्नुपऱ्यो । बालबच्चाको स्कुल फिस तिर्नुपर्छ । गाडी चढ्नुपर्छ । घरमा कोही बिरामी पर्ला, अस्पताल लैजानुपऱ्यो । उनीहरू त काम पाइएला भनेर सित्तैमा खटिएका छन् । अन्त्यमा काम नै दिँदैनन् ।

यो त सरासर गरिब, बेरोजगारीमाथि अन्याय हो । उनीहरूचाहिँ व्यापार गर्ने, पैसा लिने, काम गर्नेलाईचाहिँ शोषण गर्ने । एकाध महिनापछि ऊ काम खोज्दै कहाँ जाओस् ? अन्त पनि त्यही नै हो । एकाध महिना हेरौं भन्छन्, काम दलाउँछन् । अनि पैसा दिनुपर्ने भएपछि निकालिदिन्छन् ।

सर्वसाधारणले सुनदेखि नुन पसलमा सामान किनेपछि पैसा तिर्छन् । होटल-रेस्टुरेण्टमा गएर चिया-खाजा खाएपछि तुरुन्तै पैसा तिर्छन् । साहुले आफू पैसा लिने, काम गर्नेलाई नदिने । पैसा दिन परेपछि तिनको दाँतबाट पसिना आउँछ । ठेकेदारहरूले पनि त्यस्तै गरिरहेका हुन्छन् । ठेकेदारहरूले साहुबाट पैसा लिन्छन् तर मिस्त्री र ज्यामीहरूलाई पैसा दिँदैनन् । २० हजार रूपैयाँ लिनु छ भने दुई हजार दिन्छन् । अल्मलाएर राखिराख्छन् । सार्वजनिक सवारीसाधनमा काम गर्ने चालक र सहचालकको मासिक तलब दुई हजारदेखि २५ सय रूपैयाँ छ । सञ्चारकर्मीको अवस्था पनि त्यही छ ।

कतिपय पत्रकारले महिनौंदेखि तलब पाएका छैनन् । काम गर्नेको रगत पसिनाको कमाइ खाएर साहुहरू चिल्लो गाडीमा चढेर हिँड्छन् । हात र गलामा सुनको सिक्री लगाउँछन् । आफ्ना सन्तानलाई महँगो स्कुलमा पढाउँछन् । श्रमिकको सन्तान पढून् कि नपढून्, उनीहरूले खाऊन् कि नखाऊन्, तिनलाई केही मतलब छैन ।

मजदुरहरूको आवाज उठाउन पछिल्लो समय विभिन्न संघसंगठन खुलेका छन् । राजनीतिक पार्टीसम्बद्ध सो संघसंगठन कमाउने भाडो बनिरहेको छ । दिउँसो मजदुरहरूको हकहितका लागि आवाज उठाएझैं गर्ने, बेलुका शोषकी साहुहरू कहाँ गएर पैसा ल्याएर खाने । सरकार १८ वर्षमुनिका नाबालक भन्छ । उनीहरूलाई बालश्रममा लगाउन नपाइने सरकारको भनाइ छ । तर, सरकारको भनाइ र गराइ उल्टो छ । कागजमा लेख्छ तर कार्यान्वयनमा लैजाँदैन । सार्वजनिक यातायातमा आठ-दश वर्षको बालबालिका सहचालक बसेको छ्याप्छ्याप्ती देखिन्छ । होटल-रेस्टुरेण्टमा पनि त्यही उमेर समूहको बालबालिकालाई भाडा उठाउन र माझ्न राखिएको हुन्छ ।

घरभित्र त कति बालश्रम भइरहेको होला ? अन्दाज पनि लगाउन गाह्रो छ । सिमेण्ट, डण्डी पसलमा पनि स-साना बालबालिकाले काम गरिरहेको देखिन्छ । त्यस्ता कलिला बच्चाले काम गरेको पैसा खानु कतिसम्म लज्जास्पद कुरा हो । पहिलो त श्रमको उचित मूल्य दिँदैनन्, दोस्रो त्यो पनि समयमा दिँदैनन् । सकेसम्म पचाइदिन खोज्छन् । अनि सरकारको ऐनकानुनको के अर्थ भयो ? हरेक क्षेत्रमा महँगी छ । घरधनीले भाडा बढाएको बढ्यै गर्छ । सामानको भाउ कहिल्यै ओरालो लाग्दैन, झन् उकालो लाग्छ । अस्पतालमा उपचार त्यत्तिकै महँगो छ । श्रमिक वर्ग कसरी जिउने ? चुनाव आउनेबित्तिकै राजनीतिक दल रोजगारीका कुरा गर्छन् ।

श्रमिकको नारा लगाउँछन् । श्रमिकका लागि यो-त्यो गर्छौं भन्छन् । तर, अन्त्यमा अवस्था उही हो । पदमा पुगेपछि उनीहरू फर्केर पनि हेर्दैनन् । गरिबको नारा लगाएर पदमा पुग्नेहरू धेरै छन् । यहाँ त गोली गरिब जनताको छोराछोरीले खान्छन् । पदमाचाहिँ राजनीतिक दल पुग्छन् । फेरि तिनले पदमा गएर श्रमिकको हकहितका लागि केही गरिदिए हुन्थ्यो । विडम्बना, पदमा पुग्नेबित्तिकै आफूलाई त्यहाँसम्म ल्याइपुऱ्याउनेको योगदान बिर्सिन्छन् । यसको उदाहरण धेरै छन् । चाहे माओवादी अध्यक्ष पुष्पकमल दाहालले नेतृत्व गरेको जनयुद्ध होस् या अन्यले श्रमिकका लागि गरेको आन्दोलन ।

दाहाल आफैंपनि पटक-पटक प्रधानमन्त्री बनिसके । तर, श्रमिकको हकहितका लागि के गरे ? जसलाई शोषक, सामान्ती भन्थे, पदमा पुगेपछि तिनैसँग मिल्छन् । अनि यस्ताले जनताको नियति फेर्छन् ? जनतालाई अल्मलाउने, घुमाउने र जनताको आँखामा छारो हाल्ने काममात्र भइरहेको छ । पदमा नहुन्जेल जनताको सारथी, पदमा पुगेपछि व्यापारी, व्यवसायी र दलालीको । यस्ता 'दहीचिउरे' हरूलाई मजदुरको पीडाले कहिल्यै दुख्दैन । पैसा हुनेलाई, सरकारी कर्मचारी र राजनीतिक दललाई मन्दीले असर गरेको छैन । तर, जो गरिब छ, उसलाई मन्दीले थप पीडा दिएको छ ।

बिहान कमाएर बेलुका खानेहरूलाई मन्दीको बहानामा शोषकीहरूले लुटिरहेका छन् । शोषकीहरूले सित्तैमा गरिबको पसिना खाइरहेका छन् । यहाँ त गरिबको आवाज उठाउने, पदमा पुग्ने अनि भ्रष्टाचार गर्ने । उपभोक्तावादी भनेका छन् तर त्यही ठगहरूसँग मिल्छन् । गरिबहरू हिजो पनि बाठाटाठाको माथि पुग्ने भऱ्याङ थिए, आज पनि ।

कमिसनका लागि राजनीतिक दलले भएका सरकारी उद्योगहरू बन्द गराए । उद्योग बन्द भएपछि रोजगारी भएन । राजनीतिक दलहरूले प्राइभेट फर्म, संघसंस्थाले ठगोस् भनेर त त्यसो गरेका हुन् । यो घामझैं छर्लंग छ । पर्दाभित्र बसेर राजनीतिक दलले गरिबलाई लुटिरहेका छन् । उनीहरूको 'देखाउने र चपाउने दाँत' बेग्लै छ । हामी सञ्चारकर्मी भन्छौं । उनीहरू आफैंले तलब पाएका छैनन्, अरुको आवाज के उठाऊन् ? राजनीतिक दलहरूले गरिबको रगत पसिनामाथि राजनीति गर्न कहिल्यै नछोड्ने भए । प्राइभेट अफिसमा काम गर्नेहरू मरिमरि खटिन्छन् तर तलब पाउँदैनन् ।

**- अनुसा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । *-संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# बाढीपहिरो प्रभावितलाई अस्थायी आवास

**काभ्रेपलाञ्चोक (प्रस)–** गत असोज दोस्रो साता बाढीपहिरोले घर पूर्णरूपमा क्षति भएका परिवारका लागि रोशी गाउँपालिकाले अस्थायी आवास निर्माण थालेको छ । बाढीपहिरोमा परी उक्त गाउँपालिकामा १२ जनाको ज्यान गएको थियो भने ४८२ घर पूर्णरूपमा तथा ८८३ घर आंशिकरूपमा क्षति पुगेको थियो ।

चिसो बढ्दै गएपछि बाढीपहिरोपीडित अझ प्रभावित हुने भएपछि पहिलो चरणमा घर पूर्णरूपमा क्षति भएका परिवारका लागि अस्थायी आवास निर्माण थालिएको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाका अध्यक्ष दिनेश लामाका अनुसार हाल वडा नं २ बाट अस्थायी आवास निर्माणको काम सुरु गरिएको हो । यस वडामा ३० अस्थायी आवास निर्माण हुने छ ।

विभिन्न सहयोगी संस्थाको साझेदारीमा विपद्पीडितको अस्थायी आवास निर्माण भइरहेको जनाइएको छ। 'अस्थायी आवासले छिमेक एवं आफन्तको घरमा बसेका तथा तथा टहरामा बसेकालाई राहत पुग्ने छ, हामी सहयोग जुटाएर पहिलो चरणमा पूर्णरूपमा घर क्षति भएकालाई अस्थायी आवास बनाउने क्रममा छौं,' अध्यक्ष लामाले भने । उनका अनुसार बाढीपहिरोले दुई हजार ५४४ परिवारको खेतबारीमा क्षति पुगेको थियो भने १६० खानेपानी आयोजना, एक पक्की पुल, ४७ विद्यालय, चार स्वास्थ्य केन्द्रमा क्षति पुगेको थियो । यस्तै बाढीपहिरोले निर्माण सम्पन्न भएको डम्फु उद्यान, १० शयचाको अस्पताल, चिस्यान केन्द्रसहितको औद्योगिक ग्राम बगाएको थियो ।

स्थानीय स्रोत, साधन प्रयोग गरी अस्थायी आवास निर्माण भइरहेको हो । वडा नं २ मा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट स्वीकृत मापदण्डअनुसार नै अस्थायी आवास निर्माणको काम भइरहेको उनले बताए । उनका अनुसार व्यक्तिगत सहयोगमा वडा नं ९ नार्के तथा आसपास ३० अस्थायी आवास निर्माणको काम भइरहेको छ ।

उक्त गाउँपालिकाले विपद् व्यवस्थापनका लागि गत कात्तिक ३० गते नै विशेष गाउँसभामार्फत चालु आर्थिक वर्षमा योजनाका लागि विनियोजित बजेटबाट केही प्रतिशत कटौती गर्ने निर्णय गरेको थियो । गाउँपालिकाले विपद्सँग सम्बन्धित बनाएर २६६ योजना संशोधन गरेको छ भने विपद् कोष दुई करोड ८० लाख रूपैयाँको बनाएको जनाएको छ । कोषको रकमले स्थानीय तहमा अत्यावश्यक विपद् खर्च, बाढीपहिरोले पुर्‍याएको क्षतिको तथ्यांक संकलन, राहत वितरणलगायत विविध शीर्षकमा खर्च गर्नेगरी संशोधन गरिएको थियो ।

अध्यक्ष लामाका अनुसार तत्कालका लागि विपद्ले क्षति पुर्‍याएका पूर्वाधारको मर्मत तथा निर्माणका लागि एक करोड रूपैयाँ, विपद् हेल्प डेस्कका लागि पाँच लाख रूपैयाँ, तथ्यांक संकलन तथा जनशक्ति परिचालनमा १० लाख रूपैयाँ, राहत (खाद्यान्न, लत्ताकपडा)का लागि ५० लाख रूपैयाँ, मृतक परिवारलाई प्रतिपरिवार ५० हजार रूपैयाँ, मर्मतसम्भारमा ५० लाख रूपैयाँ, विपद् सामग्री खरिदमा १० लाख रूपैयाँ तथा बाढीपीडितलाई सहायताका लागि ५५ लाख रूपैयाँ बजेट विनियोजन गरिएको छ ।

# मेचीनगरमा अपांगता पहिचान गर्न १५ दिने अभियान

**झापा–** मेचीनगरमा अपांगता भएकाहरूको पहिचान गरी परिचयपत्र वितरण गर्ने उद्देश्यले नगरपालिकाले विशेष स्वास्थ्य शिविरसहित १५ दिने अभियान सञ्चालन गरेको छ ।

कोसी प्रदेशका खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री एकराज कार्कीले मेचीनगर-१ को बाहुनडाँगीमा सोमबार एक कार्यक्रमबीच अभियानको उद्घाटन गरे । उनले अपांगता भएकाहरूको सुविधा र हितका लागि प्रदेश सरकारले स्थानीय पालिका र करुणा फाउन्डेसनसँग सहकार्यमा स्वास्थ्य शिविरसहित विविध कार्यक्रमार्फत अभियान सञ्चालन गरिरहेको बताए ।

मेचीनगर नगरपालिकाले आगामी १५ दिनभित्रमा नगरका १५ वटै वडामा शिविर सञ्चालन गरी अपांगता भएकाहरूलाई परिचयपत्र वितरण गर्ने जनाएको छ । प्रत्येक वडामा विशेषज्ञ चिकित्सकसहित स्वास्थ्यकर्मी र कर्मचारीको टोली खटाइएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारीले बताए ।शारीरिक अशक्त भएका व्यक्तिलाई वडा तथा नगरपालिका धाउने झञ्झट नहोस् भनेर वडा तहमा शिविरको आयोजना गरिएको भन्दै यसबाट लक्षित वर्ग लाभान्वित हुने नगरप्रमुख गोपालचन्द्र बुढाथोकीले विश्वास व्यक्त गरे । अपांगता भएका व्यक्तिहरूको पहिचान र बृहत्तर हितका लागि विशेष कार्यक्रम सञ्चालन गर्न मेचीनगर नगरपालिका, कोसी प्रदेश सरकार र करुणा फाउन्डेसनबीच एक करोड ४२ लाख रूपैयाँ सहयोगको त्रिपक्षीय सम्झौता भएको उनले जानकारी दिए ।

उक्त कार्यक्रमबाट मेचीनगरमा नवजात शिशुको जाँचमा वृद्धि, बाल स्वास्थ्यमा सुधार, अपांगता भएका व्यक्तिहरूको जीवनको गुणस्तरमा सुधार, शिक्षामा पहुँच वृद्धि, परिवारको सशक्तीकरण र जीविकोपार्जनमा सुधार, सामाजिक क्रियाकलापमा पहुँच वृद्धि, क्षमता अभिवृद्धिमा सहयोग र प्रशासन तथा व्यवस्थापन सुदृढीकरणमा सहयोग पुग्ने नगरका उपप्रमुख मीना उप्रेतीले बताए । *रासस*

## सूचना

कामनपा-३१ आलोकनगरमा शम्भुराज गिरीको घरमा बहालमा बस्ने महेश अधिकारी २०८० भदौबाट यस घरमा बहालमा बस्दै आउनु भएको र २०८१, जेष्ठ महिना देखिको बहाल रकम नतिरी कोठा बन्द राखि सम्पर्कमा नआएको हुंदा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रै बाकी बहाल रकम चुक्ता गरि कोठा खाली गरिदिनु होला, अन्यथा कानुन बमोजिम हुने बेहोरा जानकारी गराइन्छ ।

**सम्पर्क:**
**गोविद खनाल**
**कामनपा – ३१, आलोकनगर**
**९८६६८७९९००**

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक २३१ पौष २ गते २०८१ मा प्रकाशित **Rokadiya Overseas Pvt. Ltd.(Youth Manpower Pvt.ltd.)** को Lot No. 315443 को La Beaute Lafdies Beauty Salon Company कम्पनीको विज्ञापनमा **कुवेतमा रोजगार** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

ROKADIYA OVERSEAS PVT. LTD.(YOUTH MANPOWER PVT.LTD.)
Sinamangal-9, Kathmandu, Nepal, Tel: 01-4566055, 4466966
E-mail : youthmanpower757@gmail.com, info@youthmanpower.com
Mobile: 9851090996 /9809393801/9809393802
License No. 757/064/065

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा २०७४/०४/२७ मा दर्ता भएको प्रा.लि.नं. १७२९२४ को **ट्रेनिङ्ग इन्स्टिच्यूट फोर इम्प्लाईमेन्ट एण्ड इन्टरप्राइजिङ्ग प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०४/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# 'दलित सशक्तीकरण विधेयक छिट्टै पारित हुन्छ'

**कर्णाली (प्रस)–** कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले कर्णाली प्रदेशसभामा पेस भएको दलित सशक्तीकरणसम्बन्धी विधेयक छिट्टै पारित हुने बताएका छन् । दलित अधिकारका लागि एकीकृत आन्दोलनका अगुवा नेतासँग मंगलबार यहाँ भएको भेटमा उनले प्रदेश सरकारको नेतृत्व सम्हालेपछि प्रदेशसभामा पेस भएको उक्त विधेयक हाल विषयगत समितिमा छलफलको क्रममा रहेको जानकारी दिए ।

मुख्यमन्त्री कँडेलले विधेयकमा प्रस्तावित विषयलाई छलफल गरेर निष्कर्षमा पुर्‍याउने काम विषयगत समितिले गरिरहेकाले समितिलाई सरकारको तर्फबाट आवश्यक सहजीकरण गर्ने विश्वास दिलाए । उनले सहभागीहरूलाई कुनै विषयमा सुझाव दिनुपर्ने भए समितिका सदस्यसँगसमेत समन्वय गर्न सुझाए ।

यसअघि सो विधेयक प्रदेशसभामा टेबुल नै नभई फिर्ता भएको थियो । मुख्यमन्त्री कँडेलले अब सो घटना नदोहोरिने विश्वास व्यक्त गरे । सरकारले विधेयक दर्ता गरिसकेपछि त्यसलाई पारित गराउने जिम्मेवारी प्रदेशसभाको भएको बताउँदै उनले जतिसक्दो चाँडो विधेयक पारित गराउनेतर्फ सरकारको ध्यान जाने बताए । विधेयक छ वर्षदेखि प्रदेशसभाबाट पारित हुन नसकेको भन्दै दलित अधिकारका लागि एकीकृत आन्दोलन संस्थाले मंगलबार नै मुख्यमन्त्री कार्यालय अगाडि प्रदर्शनसमेत गरेको थियो ।

## सन्दुस बचत तथा ऋण सहकारी संस्था लि.

**Sandus Saving & Credit Co-operativge Ltd.**
**Head Office:** Kaushaltar-15, Bhaktapur, Tel.: 01-6630150, 6635528
**Service Centre:** Purano Baneshwor-10, Kathmandu, Tel.: 01-4462833, 4475986 **E-mail:** sandussaving@gmail.com

### धितोमा रहेको अचल सम्पत्तिको लिलाम बिक्री सम्बन्धी ३५ दिने सार्वजनिक सूचना !

**दोस्रो पटक प्रकाशित मिति : २०८१/०९/०३ गते**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यले लिनुभएको कर्जाको साँवा, व्याज र ढिलो बुझाए वापत लाग्ने हर्जना नतिरी नबुझाई कर्जा सम्बन्धी संस्थासँगको सम्झौताको शर्तबन्देजहरू उल्लंघन गर्नु भएकोमा कर्जा चुक्ता गर्न आउनु भनी पटक पटक मौखिक तथा लिखित रूपमा तर ताकेता गर्दा समेत पनि चुक्ता नगर्नु भएको र मिति २०८० **वैशाख १५** गते **प्रभाव राष्ट्रिय दैनिक** पत्रिकामा कर्जा चुक्ता गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना र मिति २०८०/१०/२२ गते लिलाम बिक्री ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी संस्थालाई तिर्न बुझाउन पर्ने साँवा, व्याज र हर्जना रकम बुझाउन आउनु नभएको र तिरे बुझाएको प्रमाण पेश नगरेको हुँदा सहकारी नियमावली २०७५ को नियम ३० ले तोके बमोजिम ऋणी सदस्यहरूले कर्जा लिदा उपलब्ध गराएको धितो सम्पत्तिलाई बोलपत्र लिलाम डाक बढाबढद्वारा बिक्री गरी संस्थाले साँवा, व्याज र हर्जना असुलउपर गर्ने भएको हुँदा धितोमा रहेको अचल सम्पति खरिद गरी लिन इच्छुक व्यक्ति वा संघ संस्था सबैमा तपसिलको शर्तबन्देजको अधिनमा रही लिलाम बिक्री हुने सम्बन्धी यो दोस्रो पटक सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| ऋणीको नाम ठेगाना (तीनपुस्ते ) | व्यक्तिगत जमानी र धनजमानीको नाम ठेगाना | धितोको विवरण |
|---|---|---|
| नाम थर : **रोहिणी कुमारी चौधरी (ना.प्र.न.१०२८२६७६)**<br>बुवाको नाम :- गौरी शंकर चौधरी<br>बाजेको नाम :- देव नारायण चौधरी<br>स्थायी ठेगाना:- साविकको बथनाहा-७, महोत्तरी<br>हालको ठेगाना : साविक इमाडोल-८, ललितपुर | **नाम थर : कुनाल ठाकुर**<br>बुवा/पतिको नामः- सुमन्त कुमार ठाकुर<br>बाजे/ससुराको नामः- कृष्ण कुमार ठाकुर<br>स्थायी ठेगानाः- साविकको लोहना-४, धनुषा<br>हालको ठेगाना :- साविक इमाडोल-८, ललितपुर | ललितपुर जिल्ला इमाडोल गाविस वडा नं.८ कित्ता नं. ५५८ को क्षेत्रफल १२७.१८ व.मि. जग्गा र सो जग्गामा बनेको एकतल्लाको पक्की घर र लिगलगापात समेत पूरा । |

**पुनश्च :**

**धितोबन्धक लेखिदिने ऋणीलाई सूचना** :- उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शिघ्र कर्जा चुक्ता गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन पुन अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलामका शर्तहरू बमोजिम लिलाम बढाबढबाट कायम हुने धितो सम्पतिको मूल्य प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लेखित धितो सम्पति लिलाम बिक्री गरी वा सहकारी आफैले सकार गर्दा समेत सम्पूर्ण लेना रकम असुलउपर नभई बाँकी रहेमा ऋणी वा ऋणीका एकाघरका परिवारका सदस्यहरूको नाममा तथा व्यक्तिगत जमानी दिनेको नाममा रहेको, भएको चल अचल सम्पत्तिबाट असुलउपर गरिने व्यहोरा समेत यसै सूचनाबाट सुचित गरिन्छ ।

**लिलामका शर्तहरू :-**

१. बोलपत्र फारम रु.१०/- (फिर्ता नहुने गरी) तिरी संस्थाबाट प्राप्त गर्न सकिने छ ।
२. लिलामाा अन्तिम पटक सबै भन्दा बढी बोल कबोल गरी सकार गरेर लिन चाहाने व्यक्ति वा संघ संस्थाले आफूले बोलकबोल गरेको कुल रकमको १० प्रतिशतका दरले हुने रकम धरैटी बापत तुरुन्त लिलाम बढाबढ गरेकै बखतमा नगदै वा संस्थाको नाममा जारी गरिएको 'क' वर्गको बैकको गुडफर पेमेन्ट चेक वा बैक ड्राफ्टको सक्कल सहित यस संस्थामा जम्मा गर्नु पर्ने छ ।
३. लिलाम बिक्रीको बोलपत्र स्विकृत व्यक्ति वा संघ संस्थाले लिलाम भएको मितिले ७ दिनभित्र कबुल गरेको सम्पूर्ण बाँकी रकम बुझाई नामसारी गर्नु पर्ने छ । नामसारी गरी नलिएमा धरौटी बापत रहेको धरौटी रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्रीको बोलपत्र मिति २०८१/१०/०८ गते दिउँसोको ४:०० बजेसम्म बुझाई सक्नु पर्नेछ ।
६. लिलाम बिक्रीको बोलपत्र मिति २०८१/१०/०९ गते बिहान १०:०० बजेदेखि बेलुकी ५:०० बजेसम्ममा लिलाम बढाबढ गरिने छ । कुनै कारणले तोकिएको दिन बिदा परेमा त्यसको लगतै सरकारी कार्यालय खुलेको दिन लिलाम बढाबढ गरिने छ साथै बिक्री गर्ने कार्य गर्दागर्दै काम सम्पन्न नभएमा त्यसको भोलिपल्ट (बिदा परेको दिन बाहेक) कारवाही अगाडि बढाइने छ ।
७. लिलाम बिक्रीको लागि दरखास्त नपरेमा वा परेको दरखास्तमा लिलाम गर्न उचित नदेखेमा धितो संस्थाले सकार गर्ने वा पुन : लिलाम गर्न सक्नेछ ।
८. लिलाम गर्ने दिनसम्मको संस्थाको लेना रकम र लिलामी गर्दा लागेको सबै खर्चसमेत लिलाम गर्दा प्राप्त रकमबाट असुलउपर गरिने छ ।
९. लिलाम बिक्रीमा प्रचलित कानुनको अधिनमा रही नेपाली नागरिक एव अचल सम्पत्ति खरिद गर्न पाउने संघ संस्थाले मात्र भाग लिन पउने छ ।
१०. धितो सुरक्षण रहेको अचत सम्पत्ति लिलाम बिक्रीमा सकार गरी लिन इच्छुकले उक्त अचल सम्पत्ति दाखिल खारेज गर्दा लाग्ने सम्पूर्ण शुल्क आफैँले व्यहोर्नु पर्ने छ ।
११. लिलाम बढाबढ गर्दा अचल सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहने छ ।

**लिलाम हुने स्थान** : सन्दुस बचत तथा ऋण सहकारी संस्था लि., कौशल्टार भक्तपुर
**लिलाम हुने मिति** : २०८१/१०/०९ गते
**लिलाम हुने समय** : बिहान १०:०० बजेदेखि वेलुकी ४:०० बजेसम्म
**बोलपत्र फारम पाइने स्थान** : सन्दुस बचत तथा ऋण सहकारी संस्था लि., कौशलटार भक्तपुर

## मुकुल वचत तथा ऋण सहकारी संस्था लि.

**बालुवाटार, काठमाडौं, सम्पर्क नं.: ०१-४५३५६२६, ०१-४५३५४६८**

### धितो लिलाम बढाबढको ३५ दिने सूचना

(प्रकाशन मिति २०८१/०९/०३ गते)

यस संस्थाबाट तपसिलमा उल्लेखित अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएको तपसिलका ऋणी सदस्यले ऋणको साँवा, व्याज र हर्जना समेत नतिरी/नबुझाई लिखत अनुसारको ऋण सम्बन्धी शर्तहरू पटक-पटक उल्लंघन गरेकाले बारम्बार लिखित तथा मौखिक तरताकेता गर्नकासथै राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने कर्जा चुक्ता गर्न आउने बारेको सूचना प्रकाशित गर्दा समेत आफूले बुझाउनु पर्ने ऋणको रकम चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाएकाले यो धितो लिलामको सूचना प्रकाशित गरिएको छ । संस्थासँग भएको शर्त, कबुलिखत, तमसुक बमोजिमको धितोको घर/जग्गाहरू जे जस्तो छ, सोहि अवस्थामा नेपाल सरकारबाट स्वीकृत सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन, २०७६, प्रदेश सहकारी नियमावली २०७६ तथा यस संस्थाको विनियम अनुसार यस कार्यालयमा तल उल्लेखित मिति र समयमा धितो लिलामको डाक बढाबढ गरी बेचखिन गरिने हुँदा सो धितो खरिद र सकार गरी लिने इच्छुक सर्वसाधारणहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| ऋणीको सदस्यको विवरण | धितो विवरण | धन जमानी विवरण |
|---|---|---|
| नाम थर : नारायण बहादुर बस्नेत<br>नागरिकता नं : ३२४२४<br>बाबुको नाम : ज्ञान बहादुर बस्नेत<br>बाजेको नाम : जित बहादुर बस्नेत<br>स्थायी ठेगाना : वेलकोट-९, नुवाकोट  | ऋणीको नाममा मालपोत कार्यालय ललितपुरमा श्रेष्ता कायम रहेको ललितपुर जिल्ला चापागाँउ गा.वि.स./न.पा वडा नं. २क कित्ता नं. क्रमशः ४२८, ४३१ र ४२७ को ०-७-०-२ (२२६.५५), ०-८-०-० (२५४.३७) र ०-७-०-० (१९०.७८) वर्ग क्षेत्रफल भएको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलाग समेत | नाम थर : प्रमिला रिजाल<br>नागरिकता नं.: १९२८९<br>बाबुको नाम : नयाँकान्त रिजाल<br>बाजेको नाम : डिल्लिराज रिजाल<br>पतिको नाम : नारायण बहादुर बस्नेत<br>स्थायी ठेगाना : वेलकोट-९, नुवाकोट  |

मिति २०८१/१०/०९ गते सम्मको साँवा रकम रु.७०,००,०००।- र उक्त साँवाको २०८१/१०/०९ सम्मको व्याज रकम रु.८७,९५,४८५।- र सोहि समय सम्मको अन्य दै- दस्तुर रु. ११,९४,०००।- गरी जम्मा रु.१,६९,८९,४८५।- हुन आउँदछ ।

**लिलाम बिक्रीका शर्तहरू:**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफुले बोलेको कूल रकमको १०% ले नगद रकम धरौटि वापत तुरुन्तै (डाक बढाबढ गरेकै वखतमा) यस संस्थामा बुझाउनु पर्नेछ ।
२. लिलाम सकार गर्ने व्यक्तिले स्वीकृतपत्र पाएको मितिले ७ दिनभित्र कबुल गरेको सम्पूर्ण रकम बुझाउनु पर्नेछ । नबुझाएमा त्यसपछि दोश्रो बढी रकम कबोल गर्नेलाई मौका दिइनेछ ।
३. धितो सुरक्षण रहेको अचल सम्पत्ति लिलाम बिक्रीमा सकार गरी लिनेले अचल सम्पत्ति दाखिला र खारेज गर्दा लाग्ने शुल्क नगद दस्तुर वापतको रकम सबै आफैले व्यहोर्नु पर्नेछ ।
४. यस संस्थाको कार्यालयमा तोकिएको दिन र समयमा लिलाम बढाबढ गरिनेछ । उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकएको समयमा हुनेछ ।
५. लिलाम बढाबढ गर्दा सबै भन्दा बढी अंक बोल्ने व्यक्तिलाई धितो सुरक्षणको लचल सम्पत्ति दने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सरक्षित रहनेछ ।
६. जग्गा हेर्न चाहेमा आफ्नो खर्चमा सम्बन्धित स्थानमा गई हेर्न सकिनेछ ।
७. जग्गाधनि वा निजको प्रतिनिधि लिलाम बिक्री हुने समयमा उपस्थित हुनु पर्नेछ । तर निजको प्रतिनिधि उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन ।
८. धितो लिलाम बिक्री हुँदा डाक बढाबढमा कसैले भाग नलिएमा संस्था आफैंले धितो जग्गा सकार गरी लिनेछ ।

**धितो लिलाम हुने मिति, समय र स्थान:**
लिलाम हुने मिति: २०८१/१०/०९ गते बुधबार
समय : दिनको ३:०० बजे
स्थान : संस्थाको मुख्य कार्यालय, बालुवाटार, काठमाडौं ।



## युएइमा रोजगारको अवसर — Free Visa!! Free Ticket!!

कम्पनी : **KELVIN CATERING SERVICES & FACILITIES MANAGEMENT EMIRATES L.L.C., U.A.E.**
पूर्व स्वीकृति मिति : २०८०/१०/०३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/०२ | LT. No. 296266 | चलानी नं. ६०२१३१३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. |
|---|---|---|---|---|---|
| 1 | Admin Clerk | 4 | 0 | 1900 | ७०.०४५ |
| 2 | Administration Officer | 2 | 0 | 1800 | ६६.३५५ |
| 3 | Arabic Bread/chapati Maker | 9 | 0 | 1000 | ३६.८६५ |
| 4 | Assistant Housekeeping Supervisor | 4 | 0 | 1200 | ४४.२३५ |
| 5 | Asst Butcher | 3 | 0 | 1000 | ३६.८३५ |
| 6 | Asst Pastry/head Baker | 6 | 0 | 1200 | ४४.२३५ |
| 7 | Asst Salad Maker | 5 | 0 | 1000 | ३६.८३५ |
| 8 | Asst. Cook Arabic/ Rice/veg Cutting | 10 | 0 | 1000 | ३६.८३५ |
| 9 | Baker | 9 | 0 | 2000 | ७३.७३० |
| 10 | Barber | 4 | 0 | 1000 | ३६.८३५ |
| 11 | Butcher | 5 | 0 | 1200 | ४४.२३५ |
| 12 | Carpenter | 3 | 0 | 1900 | ७०.०४५ |
| 13 | Cleaner/sweepers (General) | 10 | 20 | 1000 | ३६.८३५ |
| 14 | Continental Cook | 3 | 0 | 2600 | ९५.८७० |
| 15 | Driver | 5 | 0 | 1900 | ७०.०४५ |
| 16 | Electrician | 2 | 0 | 2200 | ८१.१०० |
| 17 | Ethnic Cook | 10 | 0 | 2000 | ७३.७३० |
| 18 | Executive Chef | 1 | 0 | 5000 | १८४.३२५ |
| 19 | General Technician | 2 | 0 | 2200 | ८१.१०० |
| 20 | Gym Trainer | 3 | 0 | 2000 | ७३.७३० |
| 21 | Head Baker-pastry | 3 | 0 | 2200 | ८१.१०० |
| 22 | Head Chef - Commi -1 | 5 | 0 | 2200 | ८१.१०० |
| 23 | Head Housekeeper | 5 | 0 | 1800 | ६६.३५५ |
| 24 | Head Storekeeper | 3 | 0 | 1800 | ६६.३५५ |
| 25 | Housekeeping Supervisor | 3 | 0 | 1200 | ४४.२३५ |
| 26 | Hygiene And Safety | 3 | 0 | 3000 | ११०.५९५ |
| 27 | Khaleeji Cook | 3 | 0 | 4000 | १४७.६५० |
| 28 | Kitchen Helper/cleaner | 20 | 0 | 1000 | ३६.८३५ |
| 29 | Laundry Man | 15 | 0 | 1000 | ३६.८३५ |
| 30 | Laundry Superviser | 3 | 0 | 1800 | ६६.३५५ |
| 31 | Location Manager | 5 | 0 | 3800 | १४०.०८५ |
| 32 | Maintenance Helper | 3 | 0 | 1200 | ४४.२३५ |
| 33 | Maintenance Supervisor | 3 | 0 | 2800 | १०३.२२० |
| 34 | Maintenance Technician/assistant | 2 | 0 | 2200 | ८१.१०० |
| 35 | Mason | 3 | 0 | 1800 | ६६.३५५ |
| 36 | Night Shift Technician | 2 | 0 | 2200 | ८१.१०० |
| 37 | Office Boy/clerk | 10 | 0 | 1000 | ३६.८३५ |
| 38 | Painter | 3 | 0 | 1900 | ७०.०४५ |
| 39 | Pastry Man | 4 | 0 | 2600 | ९५.८७० |
| 40 | Pest/vermin Controller | 5 | 0 | 1200 | ४४.२३५ |
| 41 | Plumber | 3 | 0 | 1900 | ७०.०४५ |
| 42 | Recreation Officer | 4 | 0 | 1867 | ६८.८२५ |
| 43 | Rfjd System Clerk | 4 | 0 | 1200 | ४४.२३५ |
| 44 | Room Boys | 30 | 0 | 1200 | ४४.२३५ |
| 45 | Salad Maker/grade Manager | 7 | 0 | 1200 | ४४.२३५ |
| 46 | Shop Keeper | 3 | 0 | 1000 | ३६.८३५ |
| 47 | Store Helper | 3 | 0 | 1000 | ३६.८३५ |
| 48 | Storekeeper | 7 | 0 | 1200 | ४४.२३५ |
| 49 | Tailor | 2 | 0 | 1000 | ३६.८३५ |
| 50 | Tandoor Bread Maker | 3 | 0 | 1000 | ३६.८३५ |
| 51 | Waiter | 20 | 0 | 1000 | ३६.८३५ |

| ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|
| क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १० गते (25th Dec. 2024) मा हुनेछ । प्रि- अन्तरवार्ता धमाधम भइरहेको छ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832, Email:- apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१ साल पुष महिना ३ गते बुधबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, व्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउ नु पर्ने साँवा, व्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : दमौली शाखा** — **कर्जा शिर्षक : आवास कर्जा**

**ऋणीको विवरण**

पदमध्वज पन्थको नाति मोदनाथ पन्थको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ११ बस्ने **केशव राज पन्त** (ना.प्र.नं. : ५९५६ जारी मिति र जिल्ला : २०५०/०९/२६, तनहुँ)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) मोदनाथ पन्थको बुहारी केशवराज पन्थको पत्नी तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ११ बस्ने **दुर्गा देवि कडेल पन्थ** (ना.प्र.नं. : ३८१४ जारी मिति र जिल्ला : २०५०/०५/३०, तनहुँ)

२) पदमध्वज पन्थको नाति नारायण प्रसाद पन्थको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ३ हाल, वडा नं. १ बस्ने **गणेश पन्थ** (ना.प्र.नं. : ४३१००१/१३६ जारी मिति र जिल्ला : २०६७/०४/१७, तनहुँ)

**२) शाखा कार्यालय : दमौली शाखा** — **कर्जा शिर्षक : आवास कर्जा**

**ऋणीको विवरण**

नाम : **सोम एण्ड संगम किराना पसल** प्रोप्राइटर : अनिता नेपाली प्रा.फ.र.नं. : ५५९४/०७५/०७६
दर्ता गर्ने कार्यालय : घरेलु तथा उद्योग विकास समिति गण्डकी प्रदेश, दमौली, तनहुँ दर्ता मिति : २०७६/०२/०६
रजिष्टर्ड ठेगाना : तनहुँ जिल्ला व्यास न.पा. वडा नं. १ स्थायी लेखा नं. : ६१०६८१५३०

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) नेत्र बहादुर परियारको छोरी बुद्बिमान नेपालीको बुहारी सोम बहादुर नेपालीको पत्नी तनहुँ जिल्ला व्यास वडा नं. १ हाल, व्यास न.पा. वडा नं. १ बस्ने **अनिता नेपाली** (ना.प्र.नं. : ७५२०२ जारी मिति र जिल्ला : २०६१/०७/२०, तनहुँ)

२) रामजी दमैको छोरी वुद्बिमान नेपालीको बुहारी बाल कुमार नेपालीको पत्नी तनहुँ जिल्ला व्यास न.पा. वडा नं. १ बस्ने **कोपिला नेपाली** (ना.प्र.नं. : ४३१००१/१३२४ जारी मिति र जिल्ला : २०६८/०६/२९, तनहुँ)

३) चामे नेपालीको नाति वुद्बिमान नेपालीको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. १ बस्ने **वाल कुमार नेपाली** (ना.प्र.नं. : २९९५७ जारी मिति र जिल्ला : २०५५/०३/०७, तनहुँ)

**३) शाखा कार्यालय : दमौली शाखा** — **कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**

नेत्र बहादुर परियारको छोरी वुद्बिमान नेपालीको बुहारी सोम बहादुर नेपालीको पत्नी तनहुँ जिल्ला व्यास वडा नं. १ हाल, व्यास न.पा. वडा नं. १ बस्ने **अनिता नेपाली** (ना.प्र.नं. : ७५२०२ जारी मिति र जिल्ला : २०६१/०७/२०, तनहुँ)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) चामे नेपालीको नाति वुद्बिमान नेपालीको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. १ बस्ने **वाल कुमार नेपाली** (ना.प्र.नं. : २९९५७ जारी मिति र जिल्ला : २०५५/०३/०७, तनहुँ)

२) चामे नेपालीको नाति वुद्बिमान नेपालीको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. १ बस्ने **सोम बहादुर नेपाली** (ना.प्र.नं. : २५६५० जारी मिति र जिल्ला : २०५४/०५/३०, तनहुँ)

**४) शाखा कार्यालय : दमौली शाखा** — **कर्जा शिर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

सोम बहादुर नेपालीको छोरी दिल बहादुर परियारको बुहारी राकेश परियारको पत्नी तनहुँ जिल्ला काँहुशिवपुर वडा नं. ६ हाल, व्यास वडा नं. १ बस्ने **सुनिता परियार** (ना.प्र.नं. : ४३१००५/१२४९ जारी मिति र जिल्ला : २०७१/०१/२२, तनहुँ)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) हर्के दमईको छोरी वाल कुमार नेपालीको बुहारी अमृत नेपालीको पत्नी तनहुँ जिल्ला व्यास न.पा. वडा नं. १ बस्ने **सुजता नेपाली** (ना.प्र.नं. : ४३-०१-७२-०५७२४ जारी मिति र जिल्ला : २०७२/०८/२५, तनहुँ)

२) नेत्र बहादुर परियारको छोरी वुद्बिमान नेपालीको बुहारी सोम बहादुर नेपालीको पत्नी तनहुँ जिल्ला व्यास वडा नं. १ हाल, व्यास न.पा. वडा नं. १ बस्ने **अनिता नेपाली** (ना.प्र.नं. : ७५२०२ जारी मिति र जिल्ला : २०६१/०७/२०, तनहुँ)

**५) शाखा कार्यालय : बुढीबजार शाखा** — **कर्जा शिर्षक : कृषि आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **कालिका भगवती कृषि फर्म प्रा.लि.** अख्तियार प्राप्त व्यक्ति : रामकृष्ण पौडेल
दर्ता नं. : २७१९७९/०७८/०७९
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता मिति : २०७८/०५/३०
रजिष्टर्ड ठेगाना : तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ११ स्थायी लेखा नं. : ६१००९६३२१

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) अै वन्धु पौडेलको नाति राधाकृष्ण पौडेलको छोरा कास्की जिल्ला कालीका गा.वि.स. वडा नं. ४ हाल, पोखरा म.न.पा. वडा नं. २८ बस्ने **रामकृष्ण पौडेल** (ना.प्र.नं. : ७३७१२ जारी मिति र जिल्ला : २०५५/०४/०८, कास्की)

२) गोविन्द प्रसाद पंगेनीको छोरी राधाकृष्ण पौडेलको बुहारी रामकृष्ण पौडेलको पत्नी कास्की जिल्ला रुपाकोट वडा नं. ६ हाल, पोखरा म.न.पा. वडा नं. २८ बस्ने **सर्मिला पंगेनी** (ना.प्र.नं. : ११७०७९ जारी मिति र जिल्ला : २०५८/०४/१८, कास्की)

३) अै वन्धु पौडेलको बुहारी राधा कृष्ण पौडेलको पत्नी कास्की जिल्ला कालीका वडा नं. ४ हाल, पोखरा म.न.पा. वडा नं. २८ बस्ने **भगवती माया पौडेल** (ना.प्र.नं. : १५७ जारी मिति र जिल्ला : २०४६/०२/०२, कास्की)

४) श्यामलाल पौडेलको नाति अै वन्धु पौडेलको छोरा कास्की जिल्ला कालीका वडा नं. ४ हाल, पोखरा म.न.पा. वडा नं. २८ बस्ने **राधाकृष्ण पौडेल** (ना.प्र.नं. : ९५२ जारी मिति र जिल्ला : २०४४/१०/२१, कास्की)

**६) शाखा कार्यालय : महाराजगंज शाखा** — **कर्जा शिर्षक : व्यावसायिक अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **अभिरु कन्स्ट्रक्सन प्रा.लि.** अख्तियार प्राप्त व्यक्ति : रमेश पाण्डे दर्ता नं. : १७०१३१/७३/०७४
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कर्यालय दर्ता मिति : २०७४/०३/०८
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला बुढालिकण्ठ न.पा. वडा नं. १० स्थायी लेखा नं. : ६०५९३४२७८

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) लाल बहादुर पाण्डेको नाति अमर बहादुर पाण्डेको छोरा काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. २ बस्ने **रमेश पाण्डे** (ना.प्र.नं. : २७-०१-७२-०४२७२ जारी मिति र जिल्ला : २०७२/०४/०७, काठमाडौं)

२) काजी बहादुर श्रेष्ठको छोरी सुर्य लाल श्रेष्ठको बुहारी शिवलाल श्रेष्ठको पत्नी काठमाडौं जिल्ला धापासी वडा नं. ३ हाल, टोखा न.पा. वडा नं. ४ बस्ने **संगिता श्रेष्ठ** (ना.प्र.नं. : २७३०२६/३१३६ जारी मिति र जिल्ला : २०६३/१०/२९, काठमाडौं)

३) लिला नाथ सिटौलाको नाति चुडा बहादुर सिटौलाको छोरा नुवाकोट जिल्ला भद्रटार वडा नं. ९ हाल, टोखा न.पा. वडा नं. ३ बस्ने **बासुदेव सिटौला** (ना.प्र.नं. : ८८५४४ (३९१४) जारी मिति र जिल्ला : २०६०/०८/०८, नुवाकोट)

४) लाल बहादुर पाण्डेको नाति अमर बहादुर पाण्डेको छोरा काठमाडौं जिल्ला चपली भद्रकाली गा.वि.स.वडा नं. ७ हाल, बुढानिलकण्ठ न.पा. वडा नं. २ बस्ने **गोपाल पाण्डे** (ना.प्र.नं. : २५३९८६०/४४१८७ जारी मिति र जिल्ला : २०५१/१२/२०, काठमाडौं)

५) लाल बहादुर पाण्डेको नाति अमर बहादुर पाण्डेको छोरा काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. २ बस्ने **दिनेश पाण्डे** (ना.प्र.नं. : २५-०१-६९-०५८६८ जारी मिति र जिल्ला : २०६९/०९/०४, काठमाडौं)

६) दिप नारायण श्रेष्ठको नाति सुर्य लाल श्रेष्ठको छोरा काठमाडौं जिल्ला धापासी वडा नं. ३ हाल, टोखा न.पा. वडा नं. ४ बस्ने **शिव लाल श्रेष्ठ** (ना.प्र.नं. : ७६५० जारी मिति र जिल्ला : २०५१/११/१६, काठमाडौं)

७) सुर्य लाल श्रेष्ठको नाति शिवलाल श्रेष्ठको छोरा काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. ४ बस्ने **सरोज श्रेष्ठ** (ना.प्र.नं. : २७-०१-७१-०६२१२ जारी मिति र जिल्ला : २०७१/०९/०२, काठमाडौं)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# प्रभाव दैनिक

रूपशाला

बुधबार, ०३ पुस २०८१ (Wednesday, December 18, 2024)


### 'चिरी च्याट्ट बरिलै'मा प्रिन्स र कविताको रोमान्स

'एक्टर' ४ माघबाट प्रदर्शनमा आउने फिल्म हो। फिल्मको प्रदर्शन मिति नजिकिँदै गर्दा प्रचार प्रसारलाई तीव्र बनाएको छ। यस्तैमा निर्माण युनिटले फिल्मको 'चिरी च्याट्ट बरिलै' गीत सार्वजनिक गरेको छ। रोमान्टिक शैलीको गीतमा रिता रायमाझीको शब्द, मनोहरी थापा र सुनिता कार्कीको स्वर र सम्राट् थापाको सङ्गीत छ। गीत फिल्मका कलाकार प्रिन्स थापा र कविता नेपालीमाथि फिचर्ड गरिएको छ। नेपाल डाइस्पोरा इन्टरटेनमेन्टको प्रस्तुति रहेको 'एक्टर' आधुनिक परिवेश, प्रेम, रोमान्स, थ्रिलर्स सस्पेन, मनोरञ्जनपूर्ण फिल्म हो। फिल्मका निर्माता मनोहरि थापा हुन्।



## 'कार्साङ' हसाउने तर गम्भीर चरित्र



■ प्रभाव संवाददाता

**काठमाडौं–** पुस २६ बाट प्रदर्शनमा आउन लागेको फिल्म 'कार्साङ'मा जितु नेपालमा जितु प्रमुख एक भूमिकामा छन् । निर्माण पक्षले सार्वजनिक गरेको पोस्टर र टिजरबाट जितुको चरित्रले प्रशंसा पाएको छ ।

टिजरअनुसार यसपटक जितुले भिन्न भूमिका निर्वाह गरेको थाहा पाउन सकिन्छ । विगतमा कमेडीमा देखिने उनी यस पटक पनि गम्भीर भूमिका देखिने टिजरबाट प्रष्ट हुन्छ । जितुले दलित समुदायको चरित्र निर्वाह गरेको बुझिएको छ । फिल्ममा दिया मास्के विवाहित जोडीको रूपमा छन् । जितु र दियाले बाँझोपनको समस्या भोगेको र एक अर्कालाई दोष दिइरहेको टिजरले खुलाउँछ ।

जितु 'कार्साङ'मा आफूले विगतको भन्दा भिन्न चरित्र निर्वाह गरेको बताउँछन् । उनी भन्छन्, 'मेरो चरित्रले दर्शकलाई हसाउँछ । तर, गम्भीरखालकै भूमिका छ ।' पछिल्लो फिल्म 'ज्वाइँ साब'का केन्द्रीय भूमिकामा देखिएका जितु 'कार्साङ' सहायक भूमिकामा रहेको बताइएको छ । केहीअगाडि निर्माण पक्षले जितुको चरित्र खुल्ने पोस्टर लगातर सार्वजनिक गरेकाले उनी नै फिल्मको केन्द्रीय भूमिकामा रहेको अड्कलबाजी सुरु भएको थियो ।

शेर्पा समुदायको संस्कृतिमा आधारित भएर बनेको यस फिल्ममा अभिनेता दयाहाङ राई, डेब्यु अभिनेत्री सिर्जना निङलेखु, जितु नेपाल, दीया मास्के, बुद्धि तामाङ, सृष्टि गौतम, डोमा ह्योल्मो, प्रेम लोप्चन, सुरवीर पण्डितलगायतको अभिनय छ । यस फिल्ममा यम शेर्पाको डेब्यू लेखन तथा निर्देशन छ । यार्सा फिल्म्स र पुरुषोत्तम प्रधान फिल्मसको प्रस्तुतिमा निर्माण भएको यस फिल्मका निर्मात र छायाँकार पुरुषोत्तम प्रधान स्वयम् हुन् ।

## ग्ल्याम नेपाल इन्टरनेसनल चौथो सिजनको फेसन शो सम्पन्न



**काठमाडौं (प्रस)–** प्रारम्भ फाउन्डेसनले आयोजना गरेको ग्ल्याम नेपाल इन्टरनेसनल चौथो सिजनको फेशन शो सम्पन्न भएको छ । काठमाडौंमा आयोजित एक समारोहबीच नेपाली चलचित्र क्षेत्रका प्रतिष्ठित कलाकारहरूको सहभागीतामा शो सम्पन्न भएको हो । विभिन्न १० वटा सिक्वेन्समा सम्पन्न फेसन शोमा आठ जना डिजाइनले तयार पारेका पोसाकमा ३७ जना कलाकारले प्रस्तुति दिएका थिए ।

प्रारम्भ प्रडक्सनका प्रमुख पवन आचार्यले नेपालमा फेसन शोको वृद्धि विकास र कलाकारको प्रस्तुतिलाई प्रस्तुत गरी हौसला प्रदान गर्न यस्तो कार्यक्रम आयोजना गरिएको बताए । उनले भने, 'नेपाली कलाकारिता क्षेत्रमा यस्तो खाले फेसन शोले आगामी दिनमा यस क्षेत्रलाई अगाडि बढाउन मद्दत पुग्ने अपेक्षा गरेका छौं । चौथो सिजनसम्म आइपुग्दा राम्रो प्रतिक्रिया पाइरहेका छौं ।' फेसन शोमा नेपाली चलचित्र क्षेत्रका अभिनेता तथा अभिनेत्रीहरूले समेत आफ्नो प्रस्तुति दिएका थिए । अभिनेत्री आँचल शर्मा, साम्राज्य राज्यलक्ष्मी शाह, मिरूना मगर, आन्ना शर्मा, मिस युनिभर्स नेपाल २०२२ की विजेता सोफिया भुजेल, अभिनेता प्रदिप खड्का,र्‍यापर साकारलगायत कलाकारले प्रस्तुति दिएका थिए ।

## हरर मुभी 'लभ इज फोरएभर' रिलिज हुँदै

**मुम्बइ–** अहिले बलिउडका हरर फिल्महरूले दर्शकको राम्रो प्रतिक्रिया पाइरहेका छन् । 'मुन्ज्या', 'स्त्री २' र 'भुल भुलैया'लाई दर्शकले निकै रुचाए, बक्स अफिसमा यी फिल्मले राम्रै ब्यापार पनि गरेको थियो । यसैक्रममा बलिउडमा अर्को हरर फिल्म 'लभ इज फोरएभर' फिल्म पनि चाँडै रिलिज हुदैँछ । सो फिल्म जनवरी १०, २०२५ मा हिन्दी, तमिल र तेलुगु भाषामा रिलिज हुनेछ ।

सफ्ट टच इन्टरटेनमेन्टको ब्यानरमा बनेको फिल्मको फर्स्ट लुकले दर्शकको जिज्ञासा बढाएको छ । 'लभ इज फोरएभर' श्रीनिवासद्वारा निर्देशित एक डरलाग्दो ड्रामा फिल्म हो, जुन भारतभर एकैसाथ रिलिज हुँदैछ। यस चलचित्रमा दुईवटा गीत छन्, पहिलो गीत अल्तमश फरीदी र मधुश्रीले गाएका छन् भने दोस्रो गीत जावेद अलीले गाएका छन् । चलचित्र 'लभ इज फरइभर' को कथा सामान्य कथाभन्दा निकै फरक छ । यसमा दर्शकले सस्पेन्स, थ्रिलर, लभ, हरर र कमेडीको भरपुर मात्रा पाउने जनाइएको छ । फिल्ममा यस्ता धेरै रोमाञ्चक मोडहरू छन्, जुन देखेर दर्शक छक्क पर्नुहुनेछ। खासमा, चलचित्रको कथा तीन व्यक्तिको रहस्यमय जीवनको वरिपरि घुमेको छ ।

फिल्ममा रुसलान मुमताज, कर्णिका मण्डल, राहुल बी कुमार, मुश्ताक खान, गार्गी पटेल, गरिमा अग्रवाल, जावेद हैदर, सलिम मुनावर, मोहम्मद सलीम मुल्लानवार र चन्द्रप्रकाश ठाकुरको मुख्य भूमिका छ । सफ्ट टच इन्टरटेनमेन्टको ब्यानरमा बनेको फिल्म 'लभ इज फोरएभर'मा निर्देशक एस श्रीनिवास, डीओपी राज शेखर नायडू, संगीत निर्देशक देव चौहान, गीतकार सञ्जित निर्मल, लेखक रसिद कानपुरी, एक्सन मास्टर मुकेश राठौर, कोरियोग्राफर कौसर शेख, फिल्म वितरक रिद्धी लगायतको अभिनय रहेको छ । सिद्धि र प्रचारक सञ्जय भूषण पटियाला हुन् ।


# महालक्ष्मी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जितपुर, धनकुटा
कोशी प्रदेश, नेपाल

### चालू आ.व. २०८१/०८२ को लागि नदीजन्य पदार्थ बिक्री कर संकलन गर्ने E-Bidding बोलपत्र आह्वानको सूचना

पटक प्रकाशित मिति २०८१/०९/०३

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय जितपुर, धनकुटाले तपशिल बमोजिमका खोलाहरूबाट तोकिएको परिमाणमा नदीजन्य पदार्थ उत्खनन तथा बिक्री शुल्क संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नु परेकोले इजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी, मुल्य अभिवृद्धी कर तथा आ.व. २०८०/०८१ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी पेश गरी इच्छुक फर्म तथा कम्पनीहरूले निम्न बमोजिम रीत पुर्याइ E-Bidding को माध्यमबाट बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | उत्खनन् परिमाण | न्यूनतम ठेक्का अंक रू. (भ्याट बाहेक) | धरौटी रकम रु | बोलपत्र मुल्य रू. |
|---|---|---|---|---|---|---|
| १. | MM/DKT/NCB/Rajaswa/03/2081/082 | यस नगरपालिका भएर बग्ने अरूण नदिका बिभिन्न बगरहरु (दमार,भौडी, र माङ्गमाया दोभान) बाट IEE प्रतिवेदनका आधारमा ढुंगा, गिट्टी, बालुवा संकलन, विक्री कर असुली तथा निकासी । | ढुंगा, गटी, (67028.22 क्यु.फि.) | ५,३६,२२५.७७ | कबोल अंकको ५ % प्रतिशत रकम वा १२० दिन म्याद भएको वैंक जमानत | 3000.00 |
| | | | बालुवा 307800.02 क्यु.फि.) | २१,५४,६००.१३ | | |
| | | | जम्मा रकम | २६,९०,८२५.८९ | | |

**शर्तहरू:**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र रास्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय जितपुरमा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नाम र नम्बर MAHALAXMI NA.PA.(GA-1-1)-AANTARIK R 2350100301010003 मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी www.bolpatra.gov.np बाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । बोलपत्र दाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहारु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर माथि उल्लिखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नु पर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा पनि सही दिन अपलोड कार्य गर्न सकिनेछ ।
२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । माथि उल्लिखित धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक जितपुर शाखामा रहेको धरौटी खाता नं. MAHALAXMI NA.PA.(GA-3)-DHARAUTI ACC 2350100303000003 मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त क बर्गको बैंक बाट यस कार्यायलको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विडवण्ड स्क्यान गरी E-bidding मार्फत पेश गर्नु पर्नेछ ।
३. खरिद गरेको बोलपत्र फारामहरूमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सूचना प्रकाशित भएको मितिले ३१ औँ दिन दिनको १२:०० बजे भित्र विधुतीय माध्यमद्वारा अपलोड गर्नु पर्नेछ ।
४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन । रीत पूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरूको रोहोवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।
५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
६. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको मितिले १५ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ साल साउन मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी समेत पेश गर्नु पर्नेछ । नियमानुसार लाग्ने अन्य कर तथा दस्तुर वोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।
७. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस नगरपालिकाको नदी तथा नदीहरूको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, 2074, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत


## रंगशाला

### महिला यू-१९ एसिया कप

## नेपाल समूह उपविजेता

### सुपर फोरमा नेपाल श्रीलंकासँग भिड्ने



■ प्रभाव संवाददाता

**काठमाडौं –** मलेसियामा जारी महिला यु-१९ एसिया कपमा नेपाल र भारतबीचको आजको खेल वर्षाका कारण रद्द भएको छ । खेल रद्ध भएसँगै दुवै देशले एक एक अङ्क बाँडेका छन् ।

दुवैको तीन तीन अङ्क भए पनि रनरेटका आधारमा भारत समूह 'ए' को विजेता तथा नेपाल उपविजेता बनेको छ । दुवै देश 'सुपर फोर'मा प्रवेश गरेका छन् । यही समूहमा रहेको पाकिस्तान दुवै खेलमा पराजित हुँदै पहिलो चरणबाटै बाहिरिएको छ । 'सुपर फोर'मा नेपालले अब बिहीबार श्रीलङ्कासँग तथा शुक्रबार बङ्गलादेशसित खेल्ने छ ।

मलेसियाको क्वालालम्पुरस्थित बायुमास ओभल क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर ९४ रन बनायो । जितका लागि ९५ रनको लक्ष्य पछ्याउने क्रममा भारतले तीन दशमलव एक ओभरमा बिनाकुनै विकेट २८ रन बनाउँदा वर्षाका कारण खेल रद्द भएको थियो ।

यसअघि नेपालका लागि कप्तान पूजा महतोले सर्वाधिक २५ रन बनाइन् । उनले ४० बल खेल्ने क्रममा तीन चौका प्रहार गरिन् । यस्तै, एलिशाकुमारी यादवले अविजित २० रन बनाइन् । साना प्रवीनले नौ, सोनी पाखिनले आठ, ज्योत्स्निका मरासिनीले ६, सावित्री धामी र रचनाकुमारी चौधरीले तीन/तीन तथा अनु कडायत र कुसुम गोदारले एक/एक रनको योगदान दिए । बलिङतर्फ भारतकी पारुनिका सिसोदियाले सर्वाधिक ४ विकेट लिइन् । यस्तै, आनन्दिता किशोर र मिथिला विनोदले समान एक/एक विकेट लिए । यसअघि नेपालले पहिलो खेलमा सोमबार पाकिस्तानलाई ६ विकेटले पराजित गरेको थियो ।

## होलिल्याण्ड, डिपो र कार्मेल स्कुल विजयी

**धरान (प्रस)–** तेस्रो धरान मेघा यु-१८ रेवाहाङ मेमोरियल बास्केटवल प्रतियोगिताको दोस्रो दिन होलिल्याण्ड इन्टरनेसनल स्कुल, डिपो स्कुल र कार्मेल हाइ स्कुल विजयी भएका छन् ।

प्रतियोगिताको दोस्रो दिनको पहिलो खेलमा होलिल्याण्ड स्कुलले आयोजक धरान मेघा बी टिमलाई ७१-३५ अंकको अन्तरले पराजित गर्‍यो। खेलमा होलिल्याण्ड स्कुल र धरान मेघाले प्रत्येक क्वाटरमा ११-५, १५-८, १२-४ र २३-१८ अंक जोडेका थिए । दोस्रो खेलमा डिपो 'ए' टिमले एम्स एकेडेमीलाई ४५-२७ अंकको अन्तरले जित निकाले ।

## तिलोत्तमा मेयर कप पुस ९ गतेदेखि

**रूपन्देही (प्रस)–** तिलोत्तमा मेयर कप टी-२० क्रिकेट प्रतियोगिता पुस दोस्रो सातादेखि हुने भएको छ । तिलोत्तमा नगरपालिकाको आयोजनामा हुने प्रतियोगिता पुस ९ देखि १७ गतेसम्म नवजिवन खेल मैदानमा हुन लागेको हो ।

प्रतियोगिता १६ वटा वडा टिम रहनेछन् । विजेताले ५० र उपविजेताले ३० हजार रूपैयाँ पाउने छन् । उत्कृष्ट खेलाडीले १० तथा उत्कृष्ट बलर, उत्कृष्ट ब्याटस्म्यान र उत्कृष्ट फिल्डरले समान ५ हजार रूपैयाँ पाउने छन् ।

# इजरायलले पहिलो 'वेभ पावर प्लान्ट' सुरु गर्‍यो

**जेरुसेलम–** इजरायलले समुद्री छालबाट बिजुली उत्पादन गर्ने आफ्नो पहिलो पावर प्लान्टको उद्घाटन गरेको इजरायलको ऊर्जा र पूर्वाधार मन्त्रालयले आइतबार एक विज्ञप्तिमार्फत जानकारी गराएको छ ।

तेल अभिभ-याफोको भूमध्यसागरीय सहरको जाफा पोर्टमा अवस्थित उक्त पावर प्लान्टको क्षमता १०० किलोवाट रहेको छ । यो इजरायली ऊर्जा कम्पनी इको वेभ पावरद्वारा विकसित गरिएको थियो ।

यो प्रणालीले ६० सेन्टिमिटर उचाइभन्दा कम छालबाट बिजुली उत्पादन गर्न सक्ने छ । स्मार्ट कन्ट्रोल सिस्टमले सुसज्जित यो प्रविधिले आँधीबेहरीमा हुने क्षतिलाई रोक्नका लागि समुद्रको सतहभन्दा माथि उठाउँछ ।

परियोजनाबाट उत्पादित सबै बिजुली इजरायलको राष्ट्रिय ग्रिडमा आपूर्ति गरिन्छ । राज्यको स्वामित्वमा रहेको इजरायल इलेक्ट्रिक कर्पोरेसनले सुविधाबाट उत्पादित सबै ऊर्जा खरिद गर्दछ । मन्त्रालयले यो परियोजना नवीकरणीय स्रोतबाट ऊर्जा उत्पादन बढाउने, वायु प्रदूषण घटाउने र इजरायलको ऊर्जा सुरक्षा बढाउने पाइला भएको बताएको छ । *रासस⁄सिन्ह्वा*

# 'नवीकरणीय ऊर्जा' तर्फ उन्मुख जापान

**टोकियो–** कोइला र ग्याससमाथिको निर्भरता घटाउन र शताब्दीको मध्यसम्ममा कार्बन न्युट्रल बन्न जापानले सन् २०४० सम्ममा नवीकरणीय ऊर्जालाई आफ्नो ऊर्जाको शीर्ष स्रोत बनाउने योजना बनाएको छ ।

नयाँ योजनाअन्तर्गत सन् २०४० सम्ममा विद्युत् उत्पादनमा सौर्य र वायुजस्ता नवीकरणीय ऊर्जाको अंश ४० देखि ५० प्रतिशत पुग्ने अपेक्षा गरिएको हो । यो अघिल्लो वर्षको २३ प्रतिशत र सन् २०३० सम्ममा ३८ प्रतिशत कायम गर्ने लक्ष्यभन्दा बढी हो । प्राकृतिक स्रोत तथा ऊर्जा निकायले जारी गरेको योजनालाई सरकारी विज्ञहरूले समीक्षा गरी स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गर्ने भएका छन् ।

जापानले ऊर्जा आपूर्ति र डेकार्बोनाइजेसन दुवै सुनिश्चित गर्न एउटै ऊर्जा स्रोतमा धेरै निर्भर हुनबाट बच्ने लक्ष्य राखेको मस्यौदामा भनिएको छ । यसले युक्रेन युद्धदेखि मध्यपूर्वको अशान्तिसम्मका ऊर्जा रेखाहरूलाई असर गर्ने भूराजनीतिक चिन्ताहरू पनि नवीकरणीय र आणविक ऊर्जामा परिवर्तन भएको बताएको छ ।

सन् २०२३ मा जापानको लगभग ७० प्रतिशत बिजुलीको आवश्यकता कोइला, ग्यास र तेल जलाउने बिजुली प्लान्टहरूले पूरा गरेको थियो । यो संख्या सन् २०४० सम्ममा ३० देखि ४० प्रतिशतमा झार्ने सरकारको चाहना छ । यसअघि घोषणा गरिएको सन् २०३० लक्ष्यमा हाइड्रोजन र अमोनिया समावेश गर्दा ४१ प्रतिशत वा ४२ प्रतिशत थियो । नयाँ योजनाहरूले सन् २०२३ मा ९८५ बिलियन किलोवाट घण्टा (केडब्ल्युएच) बाट सन् २०४० सम्म समग्र बिजुली उत्पादनमा १० देखि २० प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको छ । *रासस⁄एएफपी*

# श्रीलंकामा चुनियो नयाँ सभामुख

**कोलम्बो–** श्रीलंकाको संसदले मंगलबार सर्वसम्मतिले सत्तारुढ राष्ट्रिय जनशक्ति (एनपिपी) का सांसद जगथ विक्रमरत्नेलाई नयाँ सभामुख नियुक्त गरेको छ । विक्रमरत्नेलाई प्रधानमन्त्री हरिणी अमरसूर्याले मनोनयन गरेका हुन् । साथै, उनको प्रस्तावलाई संसदीय दलका नेता विमल रत्ननायकले समर्थन गरेका थिए ।

उपसभामुख रिजवी सालिहले सदनमा विक्रमरत्नेलाई नयाँ सभामुखमा सर्वसम्मतिले नियुक्त गरेको घोषणा गरे । शैक्षिक योग्यतालाई लिएर विवाद भएपछि गत नोभेम्बर १३ मा पूर्वअध्यक्ष अशोक सपुमल रानवालाले राजीनामा दिएका थिए । यसअघि विपक्षी दलले सभामुखलाई जापानी विश्वविद्यालयबाट विद्यावारिधि गरेको विषयमा झूठ बोलेको आरोप लगाएका थिए । *रासस⁄सिन्ह्वा*

# मस्को विष्फोटमा रूसी जनरल मारिए

**मस्को, रसिया–** रूसको विकीरण, रासायनिक तथा जैविक संरक्षण सेनाका प्रमुख लेफ्टिनेन्ट जनरल इगोर किरिलोभ र उनका सहकर्मीको मंगलबार बिहान दक्षिणपूर्वी मस्कोमा भएको विष्फोटमा मृत्यु भएको छ ।

रुसी अनुसन्धान समितिका प्रवक्ता स्वेतलाना पेट्रेन्कोले विद्युतीय स्कुटरमा राखिएको विष्फोटक पदार्थले विष्फोट गराएको बताए । उनले भने, 'अनुसन्धानले डिसेम्बर १७को बिहान मस्कोको रियाजान्स्की एभिन्यूमा रहेको आवासीय भवनको प्रवेशद्वार नजिकै स्कुटरमा राखिएको विष्फोटक पदार्थ विष्फोट भएको खुलासा भएको छ । रुसको विकिरण तथा रासायनिक र जैविक सुरक्षा सेनाका प्रमुख लेफ्टिनेन्ट जनरल इगोर किरिलोभ र उनका सहकर्मी उक्त विष्फोटमा मारिएका छन् ।'

पेट्रेन्कोका अनुसार मस्को विभागले आक्रमणको अनुसन्धान सुरु गरेको छ । हाल अपराधको पछाडिको अवस्थाको अनुसन्धान भइरहेको छ । *रासस⁄एएनआई*

# लिबियाको तटबाट ४९९ आप्रवासीको उद्धार

**त्रिपोली–** गत हप्ता लिबियाको तटबाट ३४ महिला र छ बालबालिकासहित ४९९ आप्रवासीलाई उद्धार गरिएको अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम)ले सोमबार जनाएको छ ।आइओएमले ८ देखि १४ डिसेम्बरसम्म ४९९ आप्रवासीलाईर्ई उद्धार गर लिबिया फर्काइएको र २९ आप्रवासी बेपत्ता भएको जानकारी दिएको छ। यो वर्ष हालसम्म २१ हजार ३४३ आप्रवासीलाई उद्धार गरी लिबिया फर्काइएको छ, जुन गत वर्षको तुलनामा चार हजार बढी हो । आइओएमले यस वर्ष लिबिया र अन्य देशहरूबाट आएकाहरूसहित मध्य भूमध्यसागर मार्गमा ६३५ जनाको मृत्यु र ९८२ हराएका आप्रवासीहरू रेकर्ड गरेको छ । *रासस⁄सिन्ह्वा*


## अरुण वनस्पती उद्योग लिमिटेड
दुहबी, सुनसरी

### बार्षिक साधारण बस्ने बारेको सूचना

यस कम्पनीका शेयरधनीहरुको ३४ औं वार्षिक साधारणसाभा निम्नलिखित मिति, स्थान र समयमा बस्ने भएको हुँदा शेयरधनी महानूभावहरुको उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०८१/०९/२६ गते (१० जनवरी २०२५) शुक्रबार
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, दुहवी, सुनसरी
समय : दिनको २ बजे

**छलफलका विषयहरु :**
**सामान्य प्रस्ताव**
१. संचालक समितिको प्रतिवेदन ।
२. लेखा परिक्षकको प्रतिवेदनसहित २०८१ असार मसान्तको वासलात, आ.व. २०८०/०८१ को नाफा नोक्सान तथा नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने ।
३. आगामी आ.व. २०८१/०८२ का लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।
४. महिला संचालक प्रतिनिधित्वको लागि आवश्यक व्यवस्था बारे ।
**विषेश प्रस्ताव**
५. कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (क) बमोजिमको काम गर्न गराउन पाउने गरि संचालक समितिलाई अख्तियार दिने सम्बन्धि विशेष प्रस्ताव ।
६. विविध ।

**कम्पनी सचिव**
**अरुण वनस्पती उद्योग लिमिटेड**
**(सम्पर्क नं.: बिदाको दिन बाहेक दिउंसो १२ बजे देखि अपरान्ह ४.०० बजे भित्र मोबाईल नं ९८५२०२२७७२ मा)**



## कुवेतमा रोजगार
कम्पनी : ER By Extension Room Ladies Beauty Salon and Spa Company
पूर्व स्वीकृति मिति : २०८१/०९/०२ | LT. No. 315508 | चलानी नं.६०२२९७७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 3 | 150 | ६६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ER BY EXTENSION ROOM LADIES BEAUTY SALON AND SPA COMPANY
पूर्व स्वीकृति मिति : २०८१/०९/०२ | LT. No. 315467 | चलानी नं.६०२२९७५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 2 | 160 | ७०,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष १० गते (25th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np
श्रम ईजाजत नं. ३०१/०५९/०६०



## कतारमा रोजगार
कम्पनी : UNIVERSAL COLD STORE FOOD PRODUCTS FACTORY COMPANY LTD.
पूर्व स्वीकृति मिति : २०८१/०९/०२ | LT. No. 311126 | चलानी नं. ६०२२८६७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Worker | 5 | 0 | 1000 | ३६,०३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष १० र ११ गते (25th & 26th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**World King H.R.International Pvt.ltd.**
Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215, 9814089641,9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com
Govt. License 1700/081/82



## ओमनमा रोजगार
कम्पनी : Nahu Alryada Trad
पूर्व स्वीकृति मिति : २०८१/०९/०२ | LT. No. 315523 | चलानी नं. ६०२२९७७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL PRESSER | 1 | 0 | 140 | ४९,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष १० गते (25th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.**
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705, E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np
Govt. License 1294/074/075



## कुवेत/युएइमा रोजगार
कम्पनी : AL NADAR CENTRAL MARKET COMPANY — शेवा शुल्क: १०,०००
पूर्व स्वीकृति मिति : २०८०/०८/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/०२ | LT. No. 295496 | चलानी नं.६०२१०४००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 3 | 0 | 120 | ५२,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 4 | 0 | 150 | ६६,०२० | | | | | | | |
| 3 | Sales Assisstant | 5 | 0 | 130 | ५७,२२० | | | | | | | |
| 4 | Sales Man | 8 | 0 | 150 | ६६,०२० | | | | | | | |
| 5 | Security Guard | 4 | 0 | 150 | ६६,०२० | | | | | | | |

कम्पनी : AL MERINGI PLUS RESTAURANT AND CAFE — शेवा शुल्क: १०,०००
पूर्व स्वीकृति मिति : २०८१/०१/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/०२ | LT. No. 303871 | चलानी नं.६०२१८६४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista/juice Maker/coffee Maker/bartender | 5 | 0 | 120 | ५२,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner/helper/worker | 3 | 0 | 150 | ६६,०२० | | | | | | | |
| 3 | Cook/chef/chef Assistant/preparer | 6 | 0 | 130 | ५७,२२० | | | | | | | |
| 4 | Supervisor/controller/superior | 2 | 0 | 150 | ६६,०२० | | | | | | | |
| 5 | Waiter/waitress | 8 | 0 | 150 | ६६,०२० | | | | | | | |

कम्पनी : OLIVE BEAUTY SALON COMPANY — शेवा शुल्क: १०,०००
पूर्व स्वीकृति मिति : २०८०/०७/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/०२ | LT. No. 294189 | चलानी नं.६०२०२९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 4 | 140 | ६१,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure Pedicure/beautician | 0 | 5 | 140 | ६१,६२० | | | | | | | |
| 3 | Nail Technician | 0 | 4 | 140 | ६१,६२० | | | | | | | |

कम्पनी : KUPON GENERAL TRADING CO. — शेवा शुल्क: १०,०००
पूर्व स्वीकृति मिति : २०८१/०९/०२ | LT. No. 315469 | चलानी नं.६०२२९७५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 6 | 140 | ६१,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Drivers | 1 | 0 | 150 | ६६,०२० | | | | | | | |
| 3 | Sales-man | 6 | 0 | 140 | ६१,६२० | | | | | | | |

कम्पनी : SABAH AL MAHAL TECHNICAL SERVICES LLC
पूर्व स्वीकृति मिति : २०८०/०६/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/०२ | LT. No. 311222 | चलानी नं.६०२२५७५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४४,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician(Male) | 1 | 0 | 1200 | ४४,२३५ | | | | | | | |
| 3 | Painter | 1 | 0 | 1200 | ४४,२३५ | | | | | | | |
| 4 | Plumbler | 1 | 0 | 1200 | ४४,२३५ | | | | | | | |
| 5 | Stone Mason | 1 | 0 | 1200 | ४४,२३५ | | | | | | | |
| 6 | Tile Layer | 1 | 0 | 1200 | ४४,२३५ | | | | | | | |
| 7 | Tiles Lobor | 1 | 0 | 1200 | ४४,२३५ | | | | | | | |
| 8 | Welder Helper | 1 | 0 | 1200 | ४४,२३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष १० गते (25th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!!
## शुन्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर ।

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!**
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: ABU DHABI NATIONAL HOTELS (CATERING),AED
कम्पनी : अबु दाबी नेशनल होटलस (क्याटरिङ), युएई

Pre Approval Date : 2024-01-24 | Post Approval Date : 2024-12-17 | LT. No. 298709 | Invoice No. 602136927
पूर्व स्वीकृति मिति : २०८०/१०/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/०२ | एल टि न. २९८७०९ | चलानी नं. ६०२१३६९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commis-I | 1 | 0 | 1200 | ४४,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**The final interview will be conducted in the office on 26th Dec, 2024.**
**अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष ११ गते हुनेछ ।**
**Pre-interview is going on. पूर्व अन्तरवार्ता धमाधम जारी छ ।**

**नोटः आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।**
**Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्योहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्योहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्योहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्योहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था : Management of Workers Welfare Fund | सेवा शुल्क कसले व्योहोर्ने who will bear the Service Fee | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्योहोर्ने By the Employer | रोजगारदाताले व्योहोर्ने By the Employer | रोजगारदाताले व्योहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्योहोर्ने By the Employer | रोजगारदाताले व्योहोर्ने By the Employer | रोजगारदाताले व्योहोर्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले व्योहोर्ने NPR 700/- By the Employer | ने.रु.१५०० ।- रोजगारदाताले व्योहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले व्योहोर्ने By the Employer | रोजगारदाताले व्योहोर्ने By the Employer |

**यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।**
Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
**We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749
Mobile: 9767659357, Email:- apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७



**नेपाल सरकार**
**कृषि तथा पशुपंक्षी बिकास मन्त्रालय**
**कृषि विभाग**
**रास्ट्रिय फलफूल विकास केन्द्र**
## शीतोष्ण बागबानी विकास केन्द्र
**मार्फा, मुस्ताङ**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
(प्रकाशित मिति : २०८१/०९/०३)

यस कार्यालयले तपशिल बमोजिमको कार्यकालागि निर्धारित मिति भित्र विद्युतीय खरिद प्रक्रियामा दर्ता भएको बोलपत्रहरु मध्ये तपशिलको बोलपत्र सारभूत रुपमा प्रभावग्राही न्यूनतम् मुल्यांकित बोलपत्रहरु स्वीकृतिका लागि मुल्यांकन समितिबाट सिफारिस भई आएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै, सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजन का लागि सम्बन्धित सबै बोलपत्रदाताहरुलाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल**

| S. No. | Contract No./ID | Description of the Work | Name and Address of the Bidder | Bid Price (with VAT) |
|---|---|---|---|---|
| 1 | THDC/ NCB/W/ 01/081/82 | Kaligandaki River Training Work for the Protection of Block–C & Block–D of Temperate Horticulture Development Center | ABAC/ Construct JV | NRs. 4,78,02,463.75 |

**नि. केन्द्र प्रमुख**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर



पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८२९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५१४०० | प्रति तोला - ० | प्रति तोला - १८४० |



**तरकारी खेतीको अनुगमन**

कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका वडा नं ९ मा मुक्त कमैंया महिला विकास मञ्चद्वारा एफसिएको आर्थिक सहयोगमा कमैया महिलाहरूको सामाजिक आर्थिक अधिकार प्रवर्द्धनका लागि सञ्चालित साझेदारी परियोजनाअन्तर्गत मुक्त कमैया परिवारले गरेको व्यावसायिक तरकारी खेती अनुगमन गर्दै नगर प्रमुख रणबहादुर महरा, उपप्रमुख कल्पना पन्तलगायत सरोकारवाला।

*तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

# विमानस्थल पूर्णक्षमतामा सञ्चालन गरौं : व्यवसायी

■ प्रभाव संवाददाता




**भैरहवा–** भैरहवास्थित गौतमबुद्ध अन्तरर्राष्ट्रिय विमानस्थलबाट दैनिक अन्तर्राष्ट्रिय उडानअवतरण भएसँगै खुसी भएका यहाँका पर्यटन व्यवसायीलाई अहिले सेवाको निरन्तरताको प्रश्नले सताएको छ। विमानस्थल निर्माण थालेसँगै लगानी बढाएका यहाँका पर्यटन व्यवसायीलाई अहिले विमानस्थल पूर्णरूपमा सञ्चालन हुन्छ कि हुँदैन भनी चिन्तित तुल्याएको छ।

निर्माण सम्पन्न भएको झण्डै साढे दुई वर्षपछि सो विमानस्थलबाट दैनिक पाँच वायु सेवा प्रदायकले विभिन्न गन्तव्यमा उडान भरेकामा अहिले उडान स्थगन गरेका छन्। हाल राष्ट्रिय ध्वजाबाहक नेपाल वायु सेवा निगमले मात्रै भैरहवाबाट दैनिक एक उडान भरिरहेको छ।

विमानस्थल सञ्चालनका लागि आवश्यक पूर्वाधारको अझै प्रबन्ध हुन नसक्दा यसको निरन्तरताप्रति प्रश्न उब्जिरहेको छ। सिद्धार्थ होटल सङ्घ नेपालका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठ विमानस्थल पूर्णरूपमा सञ्चालनका लागि आवश्यक पूर्वाधार अझै निर्माण नहुँदा विमानस्थल सञ्चालन हुन्छ कि हुँदैन भन्नेमा दुविधा रहेको बताउँछन्। 'अहिलेको अवस्था हेर्दा अब अन्तर्राष्ट्रिय विमानस्थल नियमित रूपमा सञ्चालन हुन्छ भन्नेमा व्यवसायी र यहाँका नागरिकलाई विश्वास छैन', उनले भने।

अध्यक्ष श्रेष्ठले गौतमबुद्ध विमानस्थल पूर्णरूपमा सञ्चालनमा ल्याउन श्रम अनुमति, प्रवेशाज्ञा (भिसा) सेन्टर, वैदेशिक रोजगार व्यवसायी कम्पनी, अभिमुखीकरण तालिम केन्द्र, स्वास्थ्य सेवा प्रदायक संस्थालगायत पूर्वाधार भैरहवा क्षेत्रमा तत्काल प्रबन्ध गर्नुपर्ने आवश्यकता औँल्याए। 'यी सबै पूर्वाधार भैरहवामा सञ्चालन गर्न सकिएको खण्डमा मात्रै विमान कम्पनीले पूर्णरूपमा यात्रु पाउँछन्', उनले भने, 'सुरुआती दिनमा नयाँ स्थानमा व्यवसाय सञ्चालन गर्न केही छुट दिएर प्रवर्द्धन गर्न सकिन्छ, यसतर्फ सरकारले ध्यान दिनुपर्छ।'

गौतमबुद्धको जन्मस्थल लुम्बिनीलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण अघि बढाइएको थियो। निर्माण थालेको करिब सात वर्षपछि २०७९ जेठ २ गते सो विमानस्थलको उद्घाटन गरिएको थियो। भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल बन्ने भएपछि व्यवसायीले थुप्रै लगानी थपेका उनी सम्झन्छन्। काठमाडौंस्थित त्रिभुवन अन्तरर्राष्ट्रिय विमानस्थलको ट्याक्सी वे विस्तारका क्रममा दैनिक १० घण्टा विमानस्थल बन्द हुँदा भैरहवामा दैनिक पाँच वटा अन्तर्राष्ट्रिय वायु सेवा प्रदायकले सेवा सुरु गरेका छन्। यसमध्ये कतार एयरवेजले केहीदिन अघिदेखि भैरहवा उडान स्थगित गरेको छ।

पर्यटन व्यवसायी पवन हलुवाई भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रारम्भ भएपछि जोखिम मोलेरै भए पनि आफूले लुम्बिनीमा पाँचतारे होटल सञ्चालनमा ल्याएको बताउँछन्। कोरोना महामारी र भैरहवामा अन्तर्राष्ट्रिय जहाज अवतरण नहुँदा आफ्नो लगानी खेर गइरहेको र सञ्चालन खर्च पनि धान्न मुस्किल भइरहेको उनको गुनासो छ। 'कोरोनाले तीन वर्ष होटल व्यवसाय ठप्प भयो, पर्यटक आवागमन शून्यप्रायः बन्यो', व्यवसायी हलुवाईले भने, 'बैंकको ब्याज तिर्न नसक्दा व्यवसायीको कर्जा बढेको बढ्यै छ, सात वर्षपछि बनेको विमानस्थल पूर्णरूपमा सञ्चालन नहुँदा व्यवसायीमा निराशा छाएको छ।'

भैरहवाका व्यवसायीको एउटै माग छ- जुनसुकै मूल्यमा पनि अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित उडानअवतरण हुनुपर्छ। त्यहाँका व्यवसायीले जुनसुकै 'फोरम'मा यही माग दोहोऱ्याउँदै आएका छन्। व्यवसायीले सङ्गठित रूपमा नै सरकारको ध्यानाकर्षण गराउँदै आएका छन्।

'व्यवसायीले भैरहवा र लुम्बिनी क्षेत्रमा पाँचतारे होटल सञ्चालनमा ल्याए। कसैले लगानी थप गरी होटलको क्षमता बढाए', होटल एशोसिएशन नेपालका केन्द्रीय सदस्यसमेत रहेका श्रेष्ठले विगत सम्झँदै भने, 'अब लुम्बिनीमा लाखौं पर्यटक आउँछन्, निजी क्षेत्रले व्यवसाय सञ्चालन गर्ने र आम्दानी गर्ने वातावरण बन्छ भन्ने सोचका साथ लगानी बढाएको अवस्था थियो।'

विमानस्थल उद्घाटन भएको साढे दुई वर्ष भइसक्दा पनि नियमित सञ्चालन हुन नहुनु विडम्बना भएको उल्लेख गर्दै अध्यक्ष श्रेष्ठले निजी क्षेत्रले लगानीको प्रतिफल लिन नसक्ने अवस्था बनेको बताए। 'करिब रु ४० अर्ब खर्च गरेर विमानस्थल निर्माण गरियो। यसैलाई आधार मानेर निजी क्षेत्रले ठूलो लगानी गरे', उनले भने।

कोरोनापछि यसवर्ष पर्यटकको चहलपहलबाट खुसी देखिएका व्यवसायी विमानस्थल पूर्णरूपमा नचल्दा निराश हुने अवस्था आएको व्यवसायी हलुवाईको भनाइ छ। 'अक्टुबरदेखि अप्रिलसम्म लुम्बिनीमा पर्यटक आउने गरेका छन्, लुम्बिनीमा विभिन्न पूजाआर्चना र ध्यानका कार्यक्रम बढेका छन्', उनले भने, 'विमानस्थल राम्रोसँग सञ्चालनमा आए यहाँको पर्यटन व्यवसाय फस्टाउनेछ।'

# 'माथिल्लो तामाकोशी सञ्चालनमा नआएसम्म विद्युत् कटौती'

■ प्रभाव संवाददाता

**काठमाडौं–** गत असोज दोस्रो साता आएको बाढीपहिरोका कारण क्षतिग्रस्त माथिल्लो तामाकोशी जलविद्युत् आयोजना पुनःसञ्चालनमा नआउँदासम्म औद्योगिक ग्राहकका लागि साँझको समयमा विद्युत् कटौती हुने नेपाल विद्युत् प्राधिकरणले जनाएको छ।

राष्ट्रिय प्रसारण लाइनमा जोडिएका जलविद्युत् आयोजनामध्ये सबैभन्दा ठूलो चार सय ५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशीको उत्पादन बन्द हुँदा हिउँदयाममा विद्युत् व्यवस्थापन गर्न कठिनाइ भएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए। माग व्यवस्थामा समस्या हुँदा विद्युत् बढी खपत हुने साँझको समय (पिक आवर)मा औद्योगिक ग्राहकका लागि विद्युत् आपूर्ति कटौती गर्नुपरेको उनको भनाइ छ।

माथिल्लो तामाकोशीबाट उत्पादन सुरु नभएसम्म बढी विद्युत् माग हुने औद्योगिक क्षेत्रको विद्युत् केही कटौती भए पनि अन्य ग्राहकका लागि विद्युत् आपूर्ति हुने प्राधिकरणले जनाएको छ। हिउँदयाममा खोला तथा नदीमा पानी घट्दा नदी प्रवाही (रन अफ रिभर-आरओआर) जलविद्युत् आयोजनाको उत्पादन क्षमताभन्दा एक तिहाइ घट्ने तर पिक आवरमा आन्तरिक माग धान्न भारतबाट विद्युत् आयात गर्न नपाउँदा औद्योगिक क्षेत्रको विद्युत् केही कटौती गर्नुपरेको प्राधिकरणले जनाएको छ।

माथिल्लो तामाकोशी यही पुस १० गतेभित्र विद्युत् उत्पादन सुरु गर्ने गरी मर्मत भइरहेको छ। प्राधिकरणका अनुसार हिउँदयामको विद्युत् माग व्यवस्थापन गर्न भारतको केन्द्रीय विद्युत् प्राधिकरणले आगामी चैत २ गते (१५ मार्च २०२५)सम्म ढल्केबर-मुजफ्फपुर चार सय केभी क्रसबोर्डर प्रसारण लाइनमार्फत छ सय मेगावाट र टनकपुर-महेन्द्रनगर एक सय ३२ केभी प्रसारण लाइनबाट ५४ मेगावाट गरी दैनिक छ सय ५४ मेगावाटसम्म विद्युत् आयात गर्न अनुमति दिएको छ। तर, पिक आवर साँझ ५ देखि रातको ९ बजेसम्म भने विद्युत् आयात गर्न नपाउने व्यवस्था छ।

चैत ३ गते २०८१ देखि असार १६ गते २०८२ (१६ मार्च-३० जुन २०२५) सम्म सोलार आवर अर्थात बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म मात्र आयात गर्न पाउने स्वीकृति दिएको छ। कार्यकारी निर्देशक घिसिङले माथिल्लो तामाकोशी बन्द रहेको र पिक आवरका चार घण्टा भारतबाट विद्युत् आयात गर्न नपाउँदा औद्योगिक क्षेत्रको विद्युत् कटौती गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको बताए।

## कर्पोरेट

### नागरिक लगानी कोष र आइएमईबीच सेयर प्रत्याभुति सम्झौता



**काठमाडौं (प्रस)–** नागरिक लगानी कोष र आईएमई लिमिटेडबीच सेयर प्रत्याभूति गर्ने सम्झौता भएको छ। सम्झौतामा कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्की र आईएमईका प्रमुख कार्यकारी अधिकृत दिवाकर पौडैलले हस्ताक्षर गरेका छन्। आईएमईले प्रति सेयर एक सय रूपैयाँका दरले १२ लाख ५० हजार ६ सय ६७ कित्ता बापतको १२ करोड ५० लाख ६६ हजार सात सय रूपैयाँ बराबरको सेयर निष्कासन गर्ने सम्बन्धमा कोषसँग प्रत्याभूति सम्झौता गरेको हो। सम्झौताको अवधि हस्ताक्षर भएको मितिले ६ महिनासम्म रहने छ।

### ब्रिटिस काउन्सिल आइएलटिएस उपहार २०२४-को विजेता घोषणा

**काठमाडौं (प्रस)–** ब्रिटिश काउन्सिलको आईएलटीएस उपहार सिजन २.० का विजेताहरू १० डिसेम्बर २०२४ मा एक कार्यक्रममा पुरस्कारहरूद्वारा सम्मानित गरिएको छ। २०२३ मा आयोजित आईएलटीएस उपहारको सफलताको आधारमा, ब्रिटिश काउन्सिलले आईएलटीएस उपहार सिजन २.० यस पटकको दोस्रो संस्करणमा आएलटिस परीक्षा दिनेहरूलाई धेरै ठूला र आर्कषक पुरस्कारहरू प्रदान गरेको छ।

सेप्टेम्बर २६ देखि नोभेम्बर ३० बीचको कुनै पनि आएलटिस परीक्षा दिने र अक्टोबर २०२४ पछि कम्प्युटर परीक्षण मितिहरूमा आईएलटीएसको लागि दर्ता गरी भुक्तानी पूरा गर्ने प्रशिक्षार्थीरू यस वर्षको प्रस्तावको लागि योग्य थिए। ब्रिटिश काउन्सिल फेसबुक च्यानल मार्फत लक्की ड्र प्रक्रिया अन्तर्गत कुल पाँच विजेताहरूको चयन गरिएको थियो। यस वर्ष दुई मासिक पुरस्कार विजेता र तीन बम्पर पुरस्कार



विजेताहरू चयन गरिएको थियो। सेप्टेम्बर र अक्टोबरमा दर्ता भएका दुई भाग्यशाली मासिक विजेताहरूले एप्पल म्याकबुक एर प्राप्त गरेका छन्। दुई भाग्यशाली विजेताले टर्किस एयरलाइन्स प्रायोजित युके र अमेरिकाको एकतर्फी टिकट जितेका छन् भने तेस्रो विजेताले ब्रिटिश काउन्सिलद्वारा प्रायोजित अस्ट्रेलियाको एकतर्फी टिकट जितेका छन्।

मिनर्भा चुनी ओङ्मु कार्की र केशव थापाले एप्पल म्याकबुक एर जितेका छन् भने कनिस्का पौडेल र प्रणय शाक्यले युके र अमेरिकाका लागि एकतर्फी टर्किस एयरलाइन्स टिकट हात पारेका छन्। त्यस्तै अनमोल खड्काले अस्ट्रेलियाको एकतर्फी टिकट प्राप्त गरेका छन्।

# निजी क्षेत्रले पनि प्रसारणलाइन निर्माण गर्न पाउने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सार्वजनिक-निजी साझेदारीमा अब निजी क्षेत्रले पनि प्रसारण लाईन निर्माण गर्न पाउने भएको छ। राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लिमिटेड (आरपिजिसिएल)ले अध्ययन गरेको मध्य तमोर-ढुङ्गेसाँगु २२० केभी प्रसारण लाईन उक्त मोडलमा निर्माण गरिने भएको हो।

उक्त निर्माणलाई अगाडि बढाउनका लागि आरपिजिसिएललाई आवश्यकपर्ने ऋण लगानी हाईड्रोइलेक्ट्रिसिटी इनभेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआईडिसियल)ले गर्ने गरी सम्झौता भएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको उपस्थितिमा भएको उक्त सम्झौतामा मंगलबार ऊर्जा मन्त्रालयमा आरपिजिसिएलका प्रमुख कार्यकारी अधिकृत डा नेत्रप्रसाद ज्ञवाली र एचआईडिसिएलका प्रमुख कार्यकारी अधिकृत अर्जुनकुमार गौतमले हस्ताक्षर गरेका छन्।

उक्त प्रसारण लाईन निर्माणका लागि आरपिजिसिएलले निजी क्षेत्रको लगानी रहेका रेमिट हाईड्रो लिमिटेड, सिम्बुवा रेमिट हाईड्रो लिमिटेड, क्रिस्टल पावर डेभलपमेन्ट प्रालि, युनियन हाईड्रोपावर लिमिटेड र नेपाल हाईड्रो भेन्चर प्रालिसँगसमेत सम्झौता गरेको छ।

सम्झौता कार्यक्रममा आरपिजिसिएलका प्रमुख कार्यकारी अधिकृत डा ज्ञवालीले सरकारले सन् २०३५ मा २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्न राखेको लक्ष्य पूरा गर्न सार्वजनिक निजी लगानीमा प्रसारण लाईन निर्माणको कामलाई अगाडि बढाउन लागिएको बताए। उनले विस्तारै अन्य प्रसारण लाईनमासमेत निजी क्षेत्रको सहभागिता बढाउँदै लैजाने उल्लेख गरे।

कार्यक्रममा एचआईडिसिएलका प्रमुख कार्यकारी अधिकृत गौतमले जलविद्युत क्षेत्रको प्रसारण लाईनमा निजी क्षेत्रको सहभागितासँगै उत्पादित विद्युत् प्रसारण लाईनको अभावमा खेर नजाने बताए। उनले अब उत्पादनसँगै प्रसारण लाईन निर्माणमा समेत एचआईडिसियलले लगानी गर्ने उल्लेख गरे। स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इप्पान)का सल्लाहकार कृष्णप्रसाद आचार्यले जलविद्युत् क्षेत्रको विकासका लागि चाँडो प्रसारण लाईन सम्पन्न गर्नेगरी काम गर्न जरुरी रहेको बताए।

ऊर्जामन्त्री खड्काले उक्त समझदारी नेपालको ऊर्जा क्षेत्रको विकासमा कोसेढुङ्गा सावित भएको बताए। उनले निजी क्षेत्रलाई प्रसारण लाईनको जिम्मा दिँदा कामसमेत समयमै हुने र सरकारले लिएको लक्ष्य पूरा हुने विश्वास व्यक्त गरे।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७३, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ